जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरीक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ • अंक १४४ • २०७९ साल आश्विन ३० गते आइतबार (16 October, Sunday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मधेशका चार जिल्लामा मतपत्र, चार बाँकी

**टुडे समाचारदाता**

जनकपुरधाम । मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि मधेश प्रदेशका चार जिल्लामा समानुपातिकको मतपत्र आइपुगेको छ भने चार जिल्लामा आउन बाँकी रहेको छ।

मधेश प्रदेशका सप्तरी, धनुषा, महोत्तरी र सिरहा जिल्लाहरुमा समानुपातिकतर्फको मतपत्र पुगिसेको छ भने सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा एक दुई दिनमा आइपुग्ने जनाइएको छ । समानुपातिक तर्फ कुल ४ करोड ६ लाख ५ हजार मतपत्रको छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ।

प्रतिनिधिसभातर्फको समानुपातिक प्रणालीका लागि २ करोड ४ लाख २१ हजार र ७ वटै प्रदेशका लागि समानुपातिकतर्फको २ करोड १ लाख ८४ हजार मतपत्रको छपाइ सम्पन्न भएको निर्वाचन आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जानकारी दिए । पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि शनिवारसम्म १७ लाख मतपत्र छपाइ भएको आयोगले जानकारी दिएको छ।

## सीके राउतदेखि प्रचण्डलाई स्पष्टीकरण

**टुडे समाचारदाता**

जनकपुरधाम । मंसिर ४ गते हुने निर्वाचनमा आयोगले निर्धारण गरेको आचारसंहिता उल्लंघन गरेको भन्दै जनमत पार्टीका अध्यक्ष डा. सीके राउतदेखि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सम्मलाई स्पष्टीकरण सोधिएको छ।

निर्वाचन आचारसंहिता उल्लंघनका सम्बन्धमा आयोगमा परेका उजुरीलगायत विषयमा स्पष्टीकरण सोधिएको सहायक प्रवक्ता कमल भट्टराईले बताए।

उनका अनुसार जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सीके) राउत, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', बाराको पचरौता नगरपालिकाका प्रमुख जलन्धर सिंह जैसवाल, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका अधिकृत गोकुल वस्तीलाई स्पष्टीकरण सोधिएको छ।

यस्तै, हाम्रो नेपाल पार्टीका अध्यक्ष अनन्तराज घिमिरे, प्रतिनिधिसभातर्फ नुवाकोट क्षेत्र नम्बर-१ बाट उम्मेदवार बनेका बद्री मैनालीलाई स्पष्टीकरण सोधिएको उनले बताए।

यसैगरी, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अर्थ मन्त्रालयलाई आयोगको सहमति बमोजिम मात्र कार्यसम्पादन गर्न तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सहरी विकास मन्त्रालय, नेपाल प्रज्ञाप्रतिष्ठान, अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड, वीमा समिति र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशलाई स्पष्टीकरण सोधिएको उनले जानकारी दिए।

# मधेशवादी दललाई बागीको भय

**टुडे समाचारदाता**

जनकपुरधाम । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा मधेशवादी दलहरुलाई आफ्नै बागी उम्मेदवार टाउको दुखाइ बनेको छ।

जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनमत पार्टी अलग-अलग गठबन्धनबाट निर्वाचनमा भाग लिइ रहेका छन्।

मुख्यतः दुईवटा गठबन्धन मुलुक भर सक्रिय रहे पनि मधेशमा जनमत र तराई मधेश लोकतान्त्रिक पार्टी पनि पहिलो पटक प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा भाग लिइ रहेको छ। तर, यी चारै दललाई अन्य भन्दा बढी आफ्नै दलका बागी उम्मेदवारले टाउको दुखाएको छ। लोसपाले त महोत्तरी निर्वाचन क्षेत्र नम्वर २ को 'क' का उम्मेदवार सुरिता साहलाई पार्टीबाट निष्काशनसमेत गरिसकेको छ । गत निर्वाचनमा जनमत पार्टी सक्रिय रहे पनि निर्वाचन वहिष्कारको अभियान चलाएको थियो भने तमलोपा मधेशमा नयाँ पार्टीको रुपमा उदय भएको छ।

जसपा र लोसपा गठबन्धनमा गएपछि मधेश प्रदेशका धेरै सीट अन्य दलहरुलाई दिनु परेका कारण यी दुई दलमा बढी उम्मेदवार बागी बनेका छन् । उनीहरु स्वतन्त्रबाट उम्मेदवारी दिएका छन् र पार्टीको निर्देशन विपरीत अहिलेसम्म आफ्नो उम्मेदवारीको विषयमा तटस्थ बसेका छन् । पार्टीले उम्मेदवारी फिर्ता लिन निर्देशन दिए पनि उनीहरूले आफ्नो उम्मेदवारी फिर्ता लिएका छैनन्।

मधेश प्रदेशका आठवटै जिल्लामा दुबै दलका बागी उम्मेदवार छन्। सप्तरीमा जसपाका दुई जनाले आफ्नै पार्टीका उम्मेदवार विरुद्धमा उम्मेदवारी दिएका छन् । जसपाका रोहित पोखरेलले सप्तरी १ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार नवलकिशोर साहका विरुद्ध स्वतन्त्र उम्मेदवारी दिएका छन्। त्यस्तै सप्तरी ४ (ख) मा जसपाको तर्फबाट प्रदेशसभा सदस्यका उम्मेदवार जसपा नेतृ तथा निवर्तमान भौतिक पूर्वाधार मन्त्री रेणु यादवका छोरा अभिषेक यादवविरुद्धमा जसपाकै नेता अनिरुद्ध सिंह यादवले पनि स्वतन्त्र उम्मेदवारी दिएका छन् । अनिरुद्ध जसपाका कार्यकारिणी सदस्य मृगेन्द्रकुमार सिंह यादवका भाइ हुन्।

नेपाल समाजवादी पार्टीका नेता राजदेव रामले सप्तरी ४ (क) मा प्रदेशसभा सदस्यका लागि स्वतन्त्र उम्मेदवारी दिएका छन् । नेपाल समाजवादी पार्टी नेपाल सत्ता गठबन्धनमा रहेका माओवादी केन्द्रको चुनाव चिन्हबाट चुनाव लडेका छन् । सो क्षेत्रमा गठबन्धनको तर्फबाट नेकपा एकीकृत समाजवादी पार्टीको तर्फबाट गोविन्द बहादुर न्यौपानेले आधिकारिक रूपमा उम्मेदवारी दिएका छन्।

> **राजकिशोर यादव यसअघि सिरहा-४ बाट नै चुनाव जितेका थिए। तर यसपटक जसपाले राजकिशोर यादवलाई सिरहा २ मा पठाएर सिरहा-४ मा वीरेन्द्र महतोलाई उम्मेदवार बनाएको छ । वीरेन्द्र महतोको विरुद्ध काशिन्द्र यादवले उम्मेदवारी दिएका छन्। काशिन्द्र यादवलाई राजकिशोर यादवले उम्मेदवारी फिर्ता लिन भने पनि उनले मानेनन्।**

सिरहामा पनि जसपाको आधिकारिक उम्मेदवारको विरुद्ध पार्टीका नेताहरूले उम्मेदवारी दिएका छन् । सिरहा-२ (क) का प्रदेश सभा सदस्यका आधिकारिक उम्मेदवार विजय यादव हुन् तर पार्टीबाट नै उनको विरुद्धमा दुई जनाले उम्मेदवारी दर्ता गराएका छन्। जसपाका नेता राजलाल यादव र रामपृत यादवले विजय यादवको विरुद्धमा उम्मेदवारी दर्ता गराएका छन्।

नेपाल समाजवादी पार्टीका केन्द्रीय सदस्य रामरिझन यादवले सिरहा २ (क) मा प्रदेशसभा सदस्यका लागि स्वतन्त्र उम्मेदवारी दिएका छन्। सो क्षेत्रमा माओवादीको आधिकारिक उम्मेदवार जीवछ यादव रहेका छन् । स्वतन्त्र उम्मेदवार रामरिझन यादवले भने, 'म नेपाल समाजवादी पार्टीमा छैन, सो पार्टीको केन्द्रीय समितिमा मेरो नाम जबर्जस्ती राखेको छ। म पूर्ण स्वतन्त्र छु।'

सिरहा-४ मा प्रतिनिधिसभा सदस्यका लागि काशिन्द्र यादवले स्वतन्त्र उम्मेदवारी दिएका छन्। काशिन्द्र यादव जसपाका कार्यकारिणी सदस्य राजकिशोर यादवका भाइ हुन् । राजकिशोर यादव सिरहा-२ मा चुनाव लडेपछि सिरहा-४ मा आफ्नो भाइलाई स्वतन्त्र उठाएको आरोप छ।

राजकिशोर यादव यसअघि सिरहा-४ बाट नै चुनाव जितेका थिए । तर यसपटक जसपाले राजकिशोर यादवलाई सिरहा २ मा पठाएर सिरहा-४ मा वीरेन्द्र महतोलाई उम्मेदवार बनाएको छ। वीरेन्द्र महतोको विरुद्ध काशिन्द्र यादवले उम्मेदवारी दिएका छन् । काशिन्द्र यादवलाई राजकिशोर यादवले उम्मेदवारी फिर्ता लिन भने पनि उनले मानेनन्।

काशिन्द्र यादवले आफू कुनै पार्टीमा आवद्ध नरहेको बताउँदै आएका छन्। स्वतन्त्र भएको कारण स्वतन्त्र उम्मेदवारी दिएको उनी बताउँछन्।

धनुषा-१ मा प्रतिनिधिसभा सदस्यका लागि जसपाले दीपक कार्कीलाई आधिकारिक उम्मेदवार बनाएको छ। तर त्यसको विरुद्धमा जसपाका नेता साधु यादवले पनि स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन्।

महोत्तरी-२ (ख) लोसपाले सत्ता गठबन्धनको तर्फबाट कांग्रेसका नागेश्वर यादवलाई आधिकारी उम्मेदवार बनाएको छ । तर त्यहाँबाट लोसपाका कार्यकारिणी सदस्य सुरिता साहले स्वतन्त्र उम्मेदवारी दर्ता गराएकी छन्। पार्टीले उनलाई उम्मेदवारी फिर्ता लिन भने पनि उनले फिर्ता लिइनन्।

सर्लाही-४ (क) मा जसपा-एमाले गठबन्धनका आधिकारिक उम्मेदवार एमालेबाट रामबाबु राय बनेका छन् तर त्यसको विरुद्ध जसपाका कार्यकारिणी सदस्य रामनरेश राय यादवले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन्।

बारा-१ (ख) मा प्रदेश सभा सदस्यका लागि लोसपाबाट दुईजना बागी छन् । लोसपाका नेता कर्मुला अन्सारी र सञ्जय यादवले सो क्षेत्रमा प्रदेश सभा सदस्यका लागि उम्मेदवारी दिएका छन्। जब कि लोसपाको तर्फबाट गठबन्धन दलका कांग्रेसका नागेन्द्रप्रसाद कानु आधिकारिक उम्मेदवार छन्।

पर्सा-१ मा पनि लोसपाका दुई जना नेता बागी उम्मेदवार बनेका छन्। सो क्षेत्रमा लोसपाको तर्फबाट गठबन्धन दलका कांग्रेसका रामनारायण प्रसाद कुर्मी आधिकारिक उम्मेदवार छन्। उनको विरुद्धमा लोसपाका नेता ओमप्रकाश सर्राफ र शशी कपुर मियाँले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन्।








भगवती मन्दिर परिसर सरसफाइ ६७ औँ प्रहरी दिवसका अवसरमा जिल्ला प्रहरी कार्यालयद्वारा सप्तरीको राजविराजस्थित भगवती मन्दिर वरिपरि सरसफाइ गर्दै सुरक्षाकर्मी । *तसिबरः रासस*

# डोम समुदाय कृष्णपक्षको पर्खाइमा

**टुडे समाचारदाता**

महोत्तरी । अति विपन्न डोम समुदाय दीपावली र छठ पर्वमा आफ्नो सीप बिक्ने आसले कात्तिक कृष्णपक्षको पर्खाइमा रहेका छन् ।

दीपावली र छठमा बाँसका चोयाबाट बन्ने छिटी, डाली, पङ्खा, नाङ्लो, चाल्नो र अन्य खेलौनाका सामग्रीको माग हुने भएपछि डोम समुदायका लागि कात्तिक कृष्णपक्ष लाग्नासाथै बिक्रीका लागि यस्ता सामग्री बनाउन भ्याइनभ्याइ हुने गरेको छ ।

सो कारणले डोम समुदाय मंसिरमा हुने चुनावी अभियानबाट बेखबर जस्तै बनेका छन् । "हँ, चुनावके बात त सुनैछी, मुदा अखैन कामके सिजन छै, ताहीस अपन काजमे जुटल छी" (हो, चुनावको कुरा त सुन्दैछौँ, तर अहिले हाम्रो कामको बेला छ, त्यसैले काममा जुटेका छौँ) रामगोपालपुर नगर कार्यपालिकाको कार्यालय नजिकै छिटी बुन्दै गरेका पाका परिछन् मरिकले भने, "आब छठकेबाद चुनावके बात बुझ्बैं" (अब छठ पर्वपछि चुनावको कुरा बुझौँला) ।

घरआँगनमा आइपुगेका ग्राहकसँग मुखको बोलीले शिष्टाचार निभाइ रहे पनि परिछन् मरिकको हातभने कप्टेरा उन्दै छिटी बनाउन व्यस्त छ । मुखमा रहेको दीपावली र छठपर्वमा बाँसका त्यस्ता सामग्री तयार गर्न भ्याइनभ्याइ हुँदा गाउँ,नगर बस्तीका डोम समुदायको व्यस्तता बढेको छ ।

महोत्तरीको भंगाहा नगरपालिका-५ सिद्धपुर बस्तीको रेललिक नजिकै झुप्रा घरसहितको डोम बस्ती छ । अहिले यहाँका डोम समुदायका सबै बाँसका कप्टेरा र चोयासँग खेलिरहेका भेटिन्छन् । "के गरौं हजुर, बरस (वर्ष) दिनको गुजाराको जोगाड (जोहो) गर्ने बेला छ, सबै काममा छौँ",

प्रगाश मरिकले भने,"दसैँ सिद्धिएर कात्तिक कृष्णपक्ष सुरु हुनासाथ प्रगाश दिनरात नभनी चोया र कप्टेराबाट डाली, छिटी, नाङ्लो–चाल्नो, पङ्खा, कोनियाँ र अन्य खेलौँना बनाउन व्यस्त हो । राति अबेरसम्म चोया र कप्टेरा चलाउँदा चलाउँदै ओछ्यानमा ढल्ने प्रगाश बिहान आँखा उघ्रनासाथ त्यही चोया र कप्टेरामा हात पुग्ने बताउछन् ।

चन्द्रमास गणनाले कात्तिक कृष्णपक्ष टेक्नासाथै प्रगाशजस्तै महोत्तरीसहितका मधेशमा विपन्न डोम समुदायको अनुहारमा खुसी झल्कन्छ । यो पक्षको अन्तिममा पर्ने दीपावली र त्यसलगत्तै कात्तिक शुक्लपक्षमा सुरु हुने छठपर्वमा आफ्नो सीपले बजार पाउने भएपछि यो पर्व डोमका लागि खुसी र उमङ्गको बन्ने गरेको हो ।

कात्तिक अन्हरिया (कृष्णपक्ष) आफूहरुको वर्ष दिनभरिको गुजाराका लागि नगद जोहो गर्ने खास बेला भएको डोम बताउँछन् । "आनबेर बोइनबुता आ-सुअरस भेटल आम्दानीसे गुजर चल्बैछी, सालभरके नगद खर्च जोगाड अहिबेर करपरैछैं" (अरु बेला बनिबुतो गरेर र सङ्गुर बेचेर प्राप्त हुने आम्दानीले गुजारा चलाउँछौँ,

वर्षभरिको नगद खर्चको जोहोभने यसैबेला (तिहारअघि) नै यिनै सामान बनाएर गर्नुपर्छ) सिद्धपुरकै पिर्ता मरिक भन्नुहुन्छ । बाँसका चोया र कप्टेराबाट विभिन्न प्रकारका सामान(चोया र कप्टेराबाट बन्ने राखनधरनका समान) बनाउने पुर्ख्यौली पेसाका डोम दीपावली र छठमा यी समानको माग बढ्ने भएपछि खुसी देखिने गरेका हुन् ।

दिपावली र छठ नजिकिँदै आउँदा यहाँका अति विपन्न डोम जातिको बसोबास रहेको दलित बस्तीमा राम्रो कमाइ हुने आशमै खसी छाउने गरेको छ ।

डोम बस्तीमा अहिले बाँस खोजेर ल्याउने, फट्याउने, कप्टेरा र चोया काढ्ने र मागअनुसारका समान बनाउने काममा परिवारका सबै सदस्य लाग्ने गर्दछन् ।अन्यबेला अभावनै अभावमा बित्ने डोम समुदायमा मिठोमसिनो खाने, राम्रा लुगा लाउने र स-साना नानीको रहर पुरा गर्ने भाखा पनि घरमूलीले दीपावली र छठ जोडेर राख्ने गर्छन् ।

"के गर्नु हजुर, बरसभरि (वर्षभरि) को नगद खर्चको जोगाड (जोहो) गर्ने बेला यही हो, अहिले चुके बरसभरि नगद हेर्न पाइदैन" भंगाहा-५ सिद्धपुरका अगुवा प्रगाश भन्छन,"स-साना नानीको रहर र चाहना हामीले दीपावली र छठ पर्वमा पूरा गर्ने आश सोचेका हुन्छौँ ।" अन्य बेला आफ्ना सीपको खासै माग नहुने हुँदा वर्षभरिको नगद खर्चको जोहो पनि यसै बेला गर्नुपर्ने दबाब हुने गरेको छ ।

दिपावली नजिकिँएर ग्राहक बाक्लिएपछि स-साना नानीको माग पनि बढन थालेको छ । "माय, दिवाली आ छठमें हम गुड्डी उडायब्, हमरा बहुते रङ्गके गुड्डी ला दिहे"(आमा, म तिहार र छठ पर्वमा चङ्गा उडाउँछु, मलाइ रङ्गीविरङ्गी चङ्गा ल्याइदिनुहोला), पर्वका लागि माग भएका कप्टेरा र चोयाका समान बुनिरहेकी बर्दिबास-१ की रामकली मरिकको छेउमै खेल्दै आइपुगेको छ/सात वर्षका देखिने छोरा रमुवा मरिकले माग गरे । रामकलीले रमुवालाई दिपावलीमा चङ्गा ल्याइदिन बताएका छन् । शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकता आफ्नो अधिकारबारे पूरै बेखबर रहेका डोम स-साना कुराले झोपडीमा पुस्तौँदेखि गुजारा चलाइरहेका छन् । चरम गरिबी र अशिक्षाले जकडिएका डोम समुदायका लागि ठूलाबडाको मृत्यु हुँदा अग्नि संस्कारका लागि आगो बेचेर प्राप्त हुने आम्दानी, श्मसानघाटमा फालिएका बाँसका घोचा सङ्कलन गरेर बनाइएका चोयाका समान बेचेर प्राप्त हुने आम्दानी र सुङ्गँर पाल्ने पुर्ख्यौली पेसाबाट प्राप्त हुने आम्दानी नै जीवन गुजाराको सहारा रहँदै आएको छ । तिहार र छठ चैं आफूहरुले पनि निष्ठापूर्वक मनाइने भएकाले यी पर्वप्रयोजनका सामग्री नयाँ बाँस किनेर पवित्र मनले बनाइने गरिएको डोम बताउँछन् ।

जिल्लाभरिमा करिब तीन हजार जनसङ्ख्या रहेका डोम समुदाय जिल्लाका प्रत्येकजसो गाउँको पुछारमा छुट्टै बस्तीजस्तो देखिने गरी एक,दुई घरमा बसोबास गरेका भेटिन्छन् । "गरिब छौँ, चाहिँदो खर्चको पनि अभाव छ, तर, स-साना नानीको मन त हो, गाउँमा अन्य समुदायका नानीका हातमा जे देख्छन्, घर आएर त्यसैको फर्माइस गर्छन्" लोहारपट्टी नगरपालिकाको डोठारा बस्तीका फुलदेव मरिकले ,"नानीले भनेको कुरा दिन नसक्दा मन कुँडिन्छ, यतिबेला भने आफ्नो गच्छेले भ्याएको नानीहरुको रहर हामी पूरा गर्छौँ ।"

सरकारी कार्यक्रमको प्रभावकारी अनुगमन नहुँदा अवसरबाटपछि परेका/पारिएका डोमसहितका जाति समुदायको उत्थानको काम हुन नसकेको भङ्गाहा-४ की सामाजिक, राजनीतिक कार्यकर्त्ता हीरादेवी दाहालले बताए ।

# 'जनताले फेरी आफूलाई नै विजयी गराउँछ'

**टुडे समाचारदाता**

रौतहट । जसपा र नेकपा एमालेका साँझा गठबन्धनका रौतहट क्षेत्र नं १ 'ख' का प्रदेशसभा सदस्यका उम्मेदवार योगेन्द्र राय यादवले आउँदो मंसिर ४ गते हुने प्रतिनिधिसाभा र प्रदेशसभा सदस्यको निर्वाचनमा जनताले आफूलाई फेरि दोश्रो कार्यकालका लागि बहुमत दिएर विजयी गराउने दाबी गरेका छन् ।



आफू यसै क्षेत्रबाट २०७४ को निर्वाचनमा प्रदेश सांसदमा निर्वाचित हुँदा आफ्ना पाँच वर्षे कार्यकालमा क्षेत्रमा थुप्रै विकास निर्माण लगायत सामाजिक कार्य गरेकाले आम मतदाताले आफूले गरेको कामको मूल्यांकन गरी फेरि आफूलाई विजयी गराउने यादवले बताए ।

क्षेत्र नं १ 'ख' अन्तर्गत पर्ने माधवनारायण नगरपालिका ६ माधोपुर बजारमा शनिवार चुनाव प्रचार प्रसारका लागि पार्टीको सम्पर्क कार्यालयको उद्घाटन पश्चात आयोजित कोणसभालाई सम्बोधन गर्दै उनले यस्तो बताए ।

मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी राज्य मन्त्रीसमेत रहेका उम्मेदवार यादवले आफू विगत पाँच वर्षदेखि जनताको भावना र चाहना अनुकूलको विकास निर्माणको काम गर्नुको साथै जनताको हरेक सुख दुखमा पनि निरन्तर साथ दिदै आएकोले आफ्नो पक्षमा जनताको व्यापक जनलहर रहेको हुँदा आफनो जित कसैले रोक्न नसक्ने दाबी गरेका छन् ।

पैसाको बलमा चुनाव जित्न खोज्ने व्यापारीलाई आउँदो चुनावमा जनताले आफनो अमूल्य मतबाट राम्ररी सवक सिकाउनुपर्ने उनले धारणा राखे । व्यापारी कहिल्यै जनताको हितमा काम गर्न नसक्ने भएको हुँदा आफू जस्ता जनताको सेवकलाई एकचोटी फेरि जिताउन उनले सबैलाई आग्रह गरे ।

सोही कार्यक्रममा बोल्दै जनता समाजवादी पार्टी नेपालका मधेश प्रदेश सदस्य श्याम विहारी यादवले यसै क्षेत्रबाट विगतका दिनमा राजपाका अनिल झा, कांग्रेसका कृष्ण यादव लगायतका कयौं नेता चुनाव जितेपनि विकासको नाममा केही पनि नगरेको तर जसपाका यादव प्रदेश सांसदमा निर्वाचित हुँदा क्षेत्रमा विकासको सवालमा कायापलट नै गरेकोले यादवले फेरि चुनाव जित्नुको विकल्प नरहेको बताए ।

कार्यक्रममा संघीय परिषद् सदस्य राम निवास यादव, जसपाका मधेश प्रदेश सदस्य वीरेन्द्र यादव, नेता राजिव यादव, संजिव यादव, तपेन्द्र यादव, रामअज्ञा यादवलगायतका नेताहरुले आ-आफना मन्तव्य राखेका थिए ।

# सहकारी संस्थाले संरक्षित पूँजि फिर्ता कोषको रकम वितरण

**टुडे समाचारदाता**

कलैया । जनकल्याण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड जीतपुरले संरक्षित पूँजि फिर्ता कोषको रकम वितरण गरेको छ ।



संस्थाले आर्थिक बर्ष ०७८/०७९ मा रु ९८ लाख ४३ हजार ३ सय ९३ रुपैया आर्जन गरेको नाफा मध्ये संरक्षित पूँजि फिर्ता कोषमा रु १७ लाख १८ हजार ८ सय २३ रुपैया रहेको थियो । जसमध्ये कर्जाको ब्याज तिरेकोमा ६० प्रतिशत र बचतको ब्याज लिनेमा ४० प्रतिशत मतभार गणना गरी शेयर सदस्यहरुको खातामा वितरण गरेको संस्थाका प्रबन्धक संतोष यादबले जानकारी दिए ।

जनकल्याण बहुउद्देश्यीय सहकारीले ६५ जना शेयर सदस्यहरुलाई संरक्षित पूँजि फिर्ता कोष बापत रकम वितरण गरेका छन् । संस्थाका अध्यक्ष गोपाल सिंह कंडेलको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी बैंक सिमराका प्रमुख सुरेश लागे , जनकल्याण बहुउद्देश्यीय सहकारी संस्थाका उपाध्यक्ष गणेशप्रसाद साह ,सचिव कपिल देव यादव ,कोषाध्यक्ष किरण गिरि ,लेखा समिति संयोजक श्याम सुवेदी ,सदस्यहरु मुनि पाठक ,विद्या महर्जन लगायतले सो अवसरमा शुभ दीपावली ,छठ लगायतका शुभकामना दिएका थिए ।

# लागुऔषधसहित चार पक्राउ

चितवन । विभिन्न लागुऔषधसहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ । भरतपुरबाट उनीहरूलाई भारतीय कारसहित पक्राउ गरिएको हो । पक्राउ पर्नेमा भारतको बिहारका ३८ वर्षीय सुनिल कुमार, १९ वर्षीय विकास कुमार, ५० वर्षीय राजन ठाकुर र बाराको गढीमाई नगरपालिका-१९ का ३५ वर्षीया प्रतिमा मण्डल रहेको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ ।

कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार उनीहरूलाई शुक्रबार ११:१० बजे भरतपुर बसपार्क चोकबाट पक्राउ गरिएको हो । पक्राउ परेका उनीहरूको साथबाट एक हजार एम्पुल डाइजेपाम, एक हजार एम्पुल व्युप्रिनर्फिन, फेनारगन एक हजार एम्पुल र एक सय ४० मिलीग्राम खैरो हेरोइन फेला परेको उहाँले जानकारी दिनुभयो । मोबाइल चार थान, डिएल सात सिएम १५७६ नंको भारतीय कारसमेत बरामद गरिएको छ । थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।रासस

# 'सपना पूरा गर्न मधेश विश्वविद्यालयको स्थापना'

**टुडे समाचारदाता**

वीरगञ्ज । मधेश प्रदेशका मुख्यमन्त्री लालाबाबु राउतले प्रदेश सरकारले वीरगञ्जवासीको सपना पूरा गर्न मधेश विश्वविद्यालय स्थापना गरेको बताएका छन् ।



वीरगञ्ज महानगरपालिका १६ नगवामा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा मुख्यमन्त्री राउतले प्रदेश सरकारले स्वास्थ्य, शिक्षा, सामाजिक चेतना, बेटी पढाऊ, बेटी बचाउ, छोरी वीमा कार्यक्रम लगायतका थुप्रै लोकप्रिय कार्यक्रम ल्याएको बताए ।

मुख्यमन्त्री राउत पर्सा क्षेत्र नम्बर १ ख को प्रदेश सभा सदस्य पदका लागि पुनः निर्वाचनमा होमिएका छन् ।

पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार प्रदीप यादवले काम गरेका नेताको जनताले मूल्याङ्कन गर्ने बेला आइसकेको बताएका छन् ।

# युकेको लाहुरे हुँ भन्दै धादिङमा पैसा ठगी

मलेखु । सदरमुकाम धादिङबेँसीस्थित एक होटल सञ्चालक दिनदहाडै अपरिचित व्यक्तिबाट ठगिनुभएको छ । पोखरा घर भएको बताउने सिङ्गापुरे आर्मीको क्याप्टेन हुँ भन्दै शुक्रबार खाजा खान आएका अपरिचित व्यक्तिले होटल सञ्चालकसँग उल्टै पैसा मागेर भागेका हुन् ।

महँगा सामान भएको झोला 'होटलमै राखिदिनुस्, एकछिन बजार घुमेर आउँछु', भनेर होटल सञ्चालक सेती गुरुङसँग रु ११ हजार नगद लिएर गायब भएको होटल सञ्चालक सीता गुरुङले बताउनुभयो । शुक्रबार ती व्यक्तिले छोडेको झोला आज दिउँसो खोलेर हेर्दा कागजको पोका, सुन जस्तो देखिने नक्कली सिक्री र एउटा तन्ना भेटिएको छ ।

सुनौला बजारका एक जना साथीले आफूलाई युकेबाट सामान पठाएको र त्यो सामान अहिले पुर्‍याइदिन जान लागेको तर आफूसँग पैसा नभएकाले सामान यही होटलमा राख्छु पैसा सापटी दिनुहोस् भन्दै रु ११ हजार लिएर गएको होटल सञ्चालक गुरुङले जानकारी दिनुभयो ।रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : भ्रमण अवसर हुने । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : धन बृद्धि सञ्चय । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**बिक्रीको लागि राखिएको बासका सामग्री**: तिहार तथा छठ पर्व नजिकिएसँगै जनकपुरधाम वडा नं ६ स्थित पेठिया बजारमा बिक्रीका लागि व्यापारीले राखेको बाँसबाट निर्मित सामग्री ।

*तस्बिर :रासस*

# 'कलिङ साहित्यिक महोत्सव काठमाण्डु' सुरु

ललितपुर । राजधानीमा आजबाट दुई दिने 'कलिङ साहित्यिक महोत्सव काठमाण्डु' सुरु भएको छ। ११औं संस्करणमा अन्तर र्ष्ट्रियरुपमा नेपालमा पहिलो पटक आयोजना भएको महोत्सवमा नेपाल र भारतका प्रसिद्ध साहित्यकारहरूको सहभागिता रहेको छ।

महोत्सवको उद्घाटन गर्दै नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा. जगमान गुरुङले कलिङ्गका युद्ध विजेता सम्राट अशोक हुँदै पछिल्ला पुस्ताका श्रष्टाहरुले दुई देशको सभ्यतालाई जोडन गरेको योगदानको विषयमा चर्चा गर्नुभयो । "भारतको सरस्वती नदीले बनाएको सभ्यता लोप भए पनि नेपालमा बागमती सभ्यता अझै कायम छ। बाराको गढीमाईसहित नेपालका विभिन्न स्थानसँग भारतको संस्कृतिको सम्बन्ध छ । दुई देशको साहित्यिक सम्बन्ध अझ बढाउने विश्वास छ",उपकुलपति गुरुङले बताउनुभयो ।

महोत्सवमा सहभागी हुन भारतबाट आउनुभएका कवि अशोक वाजपेयीले नयाँ प्रविधिसँगै बजारशक्ति, धर्मशक्ति आदिले साहित्य संस्कृतिमा पुऱ्याइरहेको क्षतिको चर्चा गर्नुभयो । "ठूलो जमातले बोल्ने भाषाले साना भाषालाई अतिक्रमण गरिरहेको छ । साहित्यले समाजलाई धेरै कुरा सिकाउने भएकाले सृजनामा निरन्तरता दिन श्रष्टालाई अनुरोध छ", कवि वाजपेयीले भन्नुभयो।

महोत्सव निर्देशक रञ्जना निरौलाले नेपाल भारतको साहित्य तथा संस्कृति आदनप्रदानमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । संस्थापक अध्यक्ष रश्मीरञ्जन परिताले संस्कृतबाट आएको नेपाली र हिन्दी भाषालाई संरक्षण गर्नको लागि यसपटकबाट नेपालमा साहित्यकाहरुलाई एकै थलोमा ल्याएर दुई देशको संस्कृति, भाषा र साहित्यबारे बहसको थालनी गरेको बताउनुभयो।

समारोहमा यसैवर्षबाट सुरु भएको यशस्वी साहित्य सम्मानबाट नेपालबाट वाङ्मय शताब्दीपुरुष सत्यमोहन जोशी र भारतबाट कवि अशोक वाजपेयीलाई जनही रु. ५० हजार सहित सम्मान गरिएको छ। शताब्दीपुरुष जोशी अस्वस्थताको कारण समारोहमा उपस्थित हुन सक्नुभएन।

यशस्वी प्रज्ञा प्रतिष्ठान, हिमालयन डायरी प्रालि, राष्ट्रिय साहित्य प्रतिष्ठान र नेपाल कलिङ लिटरेचर फेस्टिभलको सहकार्यमा महोत्सवमा कथाकार माया ठकुरी, अग्रज पत्रकार कनकमणि दिक्षित र कवि दिनेश अधिकारी सहित दुईसयको सहभागी रहेको आयोजकले जनाएको छ।रासस

# विपद् प्रभावित नागरिकको जीवन रक्षामा जुट्न आग्रह

काठमाण्डु । नेपाली काँग्रेसले प्राकृतिक विपतबट प्रभावित नागरिकको जीवनरक्षा, उद्धार, राहत र उचित आर्थिक सहायताका लागि तीनै तहका सरकारसँग आग्रह गरेको छ।

कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको शुक्रबार बसेको बैठकले कर्णाली प्रदेशमा हालै बाढीपहिराबाट प्रभावितको उद्धार र राहतमा जुट्न तथा पीडितलाई सुरक्षित स्थानमा स्थानान्तरणका लागि सहयोग पुऱ्याउन पार्टी सदस्य र भातृ एवं शुभेच्छुक संस्थालाई पनि निर्देशन गरेको छ।

बैठकले यही असोज १९ गतेदेखि परेको अविरल वर्षाका कारण कर्णाली प्रदेशका रुकुमपश्चिम, मुगु, कालिकोट, हुम्ला, सुर्खेत, जाजरकोट, सल्यान, डोल्पा, जुम्ला र दैलेखमा करिब तीन दर्जन व्यक्तिको मृत्यु, २० जना बेपत्ता र २३ जना घाइते भएको घटनाप्रति दुःख व्यक्त गरेको छ।

बाढी पहिराबाट शनिवारसम्म रुकुमपश्चिममा सात, मुगुमा दुई सय ३६, कालिकोटमा दुई सय ३२, हुम्लामा २८, सुर्खेतमा एक सय २९, जाजरकोटमा १२, सल्यानमा ६७, डोल्पामा पाँच, जुम्लामा तीन ६८ र दैलेखमा दुई सय ७१ घर पूर्णरूपमा क्षति भएका छन्। त्यसैगरी रुकुमपश्चिममा तीन, मुगुमा तीन सय ९९, कालिकोटमा चार सय ३५, हुम्लामा ३२, सुर्खेतमा एक सय २७, सल्यानमा ४२, डोल्पामा छ, जुम्लामा चार सय ४० र दैलेखमा दुई सय ३६ घर उच्च जोखिममा रहेका छन्।

रुकुमपश्चिममा १५, मुगुमा पाँच हजार दुई सय ८२, कालिकोटमा एक हजार सात सय ६३, हुम्लामा चार सय ७४, सुर्खेतमा पाँच सय ६६, सल्यानमा छ सय २९, डोल्पामा ३२, जुम्लामा एक हजार सात सय २५, दैलेखमा एक हजार छ सय २० र जाजरकोटमा १८ जना स्थानीय बासिन्दा विस्थापित हुन बाध्य भएको बैठकपछि काँग्रेस केन्द्रीय कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । कर्णाली राजमार्गका दैलेख, कालिकोट, जुम्ला, मुगुका केही स्थानहरू अवरुद्धसमेत भएका छन्।

प्राकृतिक विपद्मा परी जीवन गुमाउनुभएका सम्पूर्णमा बैठकले श्रद्धाञ्जलि अर्पण गर्दै उहाँहरूका शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ। साथै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।रासस

# प्रदेश नं १ र मधेश प्रदेशबाट मतपत्र ढुवानी सुरु

**टुडे समाचारदाता**

काठमाण्डु । निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको छपाइ भएको मतपत्र प्रदेश नं १ र मधेश प्रदेशबाट ढुवानी सुरु गरिएको छ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि हालसम्म खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, उदयपुर, सप्तरी, महोत्तरी, धनुषा, सिरहा, ताप्लेजुङ, पाँचथर, इलाम, झापा, तेह्रथुम, भोजपुर, धनकुटा, मोरङ र सुनसरीमा उक्त मतपत्र ढुवानी भएको छ।

उक्त प्रणालीका लागि कूल चार करोड छ लाख पाँच हजार मतपत्रको छपाइ सम्पन्न भएको थियो । प्रतिनिधिसभातर्फको समानुपातिक प्रणालीका लागि दुई करोड चार लाख २१ हजार मतपत्रको छपाइ सम्पन्न भएको भने सातवटै प्रदेशका लागि समानुपातिकतर्फ दुई करोड एक लाख ८४ हजार मतपत्रको छपाइ सम्पन्न भएको छ।

पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि आजसम्ममा १७ लाख मतपत्र छपाइ भएको आयोगले जनाएको छ । भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द लिमिटेडमा उच्च सुरक्षासहित मतपत्र छपाइ भइरहेको छ।रासस

# मौसम खुलेसँगै पर्यटकीय चहलपहल बढ्यो

काठमाण्डु । दसैं सकिएर तिहार, छठलगायत पर्व नजिकिँदैं छन् । मुख्य पर्यटकीय मौसम पनि चलिरहेको छ । यो माहोललाई थप रौनक बनाउन मौसम खुलेसँगै राजधानी काठमाडौं उपत्यका वरिपरी देखिने मनमोहक दृश्यले थप उल्लासमय बनाएको छ । करिब दुई साताको लगातार वर्षा रोकिएर क्रमशः मौसम खुलेपछि उपत्यकाका डाडाँ र उत्तरी क्षेत्रमा देखिने हिमश्रृङ्खलाले शरद ऋतुको मौसमलाई थप मनमोहक तुल्याएको छ।

मौसमखुलेसँगै उपत्यका आसपास र प्रमुख गन्तव्यमा आन्तरिक तथा विदेशी पर्यटकको चहलपहल बढेको होटल सङ्घ नेपाल (हान)का प्रथम उपाध्यक्ष विनायक शाहले बताउनुभयो। उहाँले भन्नुभयो, "यो मौसममा आन्तरिक पर्यटन एकदमै राम्रो छ, चाडपर्वसँगै विदा मनाउने उल्लेख्य सङ्ख्यामा गन्तव्यमा निस्किएका छन्। अहिले मौसमले पनि साथ दिएकाले पर्यटनमा सकारात्मक उत्साह थपिएको छ।"

पछिल्ला दिनमा काठमाडौंलगायत देशभर मौसम सफा रही आकाश खुलेको छ। पारिलो घाम लागेकाले उपत्यका आसपासका गन्तव्यमा पनि पर्यटकको भीडभाड बढेको छ । प्रि-बुकिङ पनि राम्रो रहेको छ। होटल क्षेत्रमा आन्तरिक र विदेशी पर्यटक बाक्लिएका छन्। तीन दिनयता उपत्यकाको मौसम खुलेकाले धुलिखेल, नगरकोट, चन्द्रागिरी हिल्स, जरसिंहपौवा, सुन्दरीजल, शिवपुरी, चोभारलगायत गन्तव्यमा पर्यटकीय चहलपहल बढेको व्यवसायीले बताएका छन्।



उपत्यकाका पवित्र तीर्थस्थल, धार्मिक तथा पुरातात्विक क्षेत्रमा घुम्नेको पनि भीडभाड देखिन्छ। पशुपति क्षेत्र, स्वयम्भु, चाँगुनारायण, दक्षिणकालीलगायत धार्मिक स्थालमा तिर्थालु भक्तजनको घुइँचो लागेको छ । त्यस्तै प्रमुख पर्यटकीय क्षेत्र ठमेल, दरबारमार्ग, वसन्तपुर, पाटन र भक्तपुर दरबार क्षेत्रमा स्वदेशी तथा विदेशी पर्यटक बढेका छन्।

त्यसोत, यो सिजन पदयात्रा र पर्वतारोहणका लागि पनि उपयुक्त मौसम हो। यतिखेर उल्लेख्य सङ्ख्यामा पर्यटक गन्तव्यतिर निस्केका छन् । मौसमले साथ दिएकाले पर्वतारोहण र पदयात्रा सहज भएको पर्यटन विभागले जनाएको छ । विभागका महानिर्देशक होमप्रसाद लुइटेलले मौसमले साथ दिएकाले आरोहण सामान्यरुपमा चलिरहेको जानकारी दिनुभयो । मनास्लु आरोहण लगभग सकिएको छ। अन्य हिमाल तथा चुली आरोहणमा अझै आरोहीले धमाधम अनुमति लिइरहेका छन्।

विभागको विवरणमा हाल नेपालसहित ६९ देशका एक सय १० आरोही समूहका नौ सय ३१ आरोहीले आरोहण अनुमति लिएका छन् । यिमध्ये सबैभन्दा बढी मनास्लु आरोहणका लागि ३८ आरोही समूहका चार सय चार आरोहीले आरोहण अनुमति लिएका छन्।

सफा मौसम भएकाले नीलो आकाश र हरिया डाडाँकाडाँले जोकोहीलाई आकषित गर्छ । त्यसमा पनि चाँदीका घेरा झै टल्किने हिमश्रृङ्खलाको मनमोहक दृश्यले पर्यटकीय मौसममा थप रौनकता थपिएको छ। अहिले उपत्यकाका जुनसुकै स्थानबाट सहजै उत्तरी भेगमा विभिन्न हिमालका मनोरम दृश्यावलोकन गर्न पाइन्छ । तिहारको मौसम पनि शुरु हुन लागेकाले हरिया पहाड उपत्यकाका विभिन्न स्थानमा फुलेका फुलको मनमोहक दृश्य पनि कम आकर्षक छैन।

मौसमले साथ दिएकाले अहिले पर्यटन क्षेत्रमा चहलपहल बाक्लिएको नेपाल पर्वतारोहण सङ्घका महासचिव मोहन लम्सालले बताउनुभयो। "पर्यटकीय चहलपहल राम्रै बढेको छ, बीचमा मौसमले केही समस्या आएपनि पछिल्ला दिनमा मौसम सफा रहेसँगै पर्यटकलाई आवागमन र दृश्वावलोकनलाई सहज तुल्याएको छ। यो मौसमले पर्यटन क्षेत्रमा पनि सकारात्मक बहार ल्याउछ", मकालु एडभेन्चर प्रालिका प्रवन्ध निर्देशकसमेत रहनुभएका लम्सालले भन्नुभयो।

मौसम खुलेसँगै हवाई उडान विशेषगरी पर्वतीय उडान (माउन्टेन फ्लाइट)मा पनि आकर्षण बढेको छ । पर्वतीय उडानका लागि यो उपयुक्त मौसम पनि हो। मौसम खुलेर हिमालमा बादलुको घुम्टो उघ्रिएपछि मनोरम दृश्यले पर्यटकलाई लालयित तुल्याउछ । अक्टोबर र नोभेम्बर पर्वतीय उडानका लागि राम्रो मानिन्छ। " मौसम राम्रोसँग खुलेकाले दुईदिन यता पर्वतीय उडान ह्वात्तै बढेको छ", यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले भन्नभुयो, " अव यो क्रम बढ्ने विश्वासमा छौ, तिहारसम्मका लागि राम्रो बुकिङ आइरहेको छ", उहाँले भन्नुभयो।

मौसमले साथ दिएकाले पर्वतीय उडान उत्साहवर्द्धकरुपमा चलिरहेको बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णले जानकारी दिनुभयो । "मौसम खुलेसँगै पर्वतीय उडान राम्रो भएको छ। यो सिजनमा धेरै विदेशी घुम्न आउने र हिमश्रृङ्खला राम्रोसँग देखिने भएकाले पर्वतीय उडानमा आकर्षण बढ्छ।"

विस्तारै नेपालमा मनसुनी वायुको प्रभाव कमजोर रहेकाले अबका दिनमा मौसम सामान्यतया सफा रहने जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । अहिले सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका पहाडी भू-भागमा आंशिक बदली रही बाँकी प्रदेशमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहेको छ।रासस

# कन्सुलरमा नवीनत्म अभ्यास : पाँच मिनेटमै सेवा प्रवाह !

काठमाण्डु । कन्सुलर सेवा विभागले सेवाग्राहीका सबै काजगात चुस्त अवस्थामा रहे कन्सुलरसम्बन्धी कतिपय सेवा पाँच मिनेटभित्रै उपलब्ध गराउने नवीनतम् प्रणाली अभ्यासमा ल्याएको छ। 'सहज तथा सुलभ कन्सुलर सेवा' नाम दिइएको उक्त कार्यक्रमले विभागको सेवा प्रवाह छिटो-छरितो मात्र नभई राजश्व सङ्कलन वृद्धि तथा अन्तर्राष्ट्रिय समुदायमा नेपालका कागजपत्र प्रमाणित कार्यको विश्वसनीयता बढाएको छ।



विभागकामहानिर्देशकधनबहादुरओलीले नयाँ सूचना प्रविधि प्रणाली प्रयोगमा ल्याइएपछि दूरदराजबाट काठमाडौं आएर कागजपत्र नमिलेर फर्कनुपर्ने समस्या हट्नुका साथै जनतालाई स्थानीय तहबाटै कन्सुलरसम्बन्धी सेवा प्रभावकारीरूपमा प्रदान गर्ने कार्यमा सफलता मिलेको जानकारी दिनुभयो।

विभागले नयाँ अभ्यासमा ल्याएको सूचना प्रविधिको प्रयोग मुलुकका सबै जिल्ला प्रशासन कार्यालय, स्थानीय तह अर्थात् पालिका कार्यालयमा जोडिएपछि कन्सुलर सेवा सेवाग्राहीमैत्री बन्न पुगेको हो । उहाँ भन्नुहुन्छ, "आधुनिक कन्सुलर अफिस ड्रिमसहितको स्थानीय तहसँगको सहकार्य कार्यक्रम यस आवमा उदयपुर, खोटाङ र ओखलढुङ्गाका १० पालिकामा सुरु गरिएको छ भने यस आवमा थप २० जिल्लामा विस्तार गर्ने कार्ययोजना छ।"

गत वर्ष २५ जिल्लामा सहकार्यको सुरुआत गरिएको थियो। यसले गर्दा कम साधनस्रोतमा धेरै सेवाग्राहीलाई सेवा प्रदान गर्न सहज भएको छ । साथै विभागमा सेवाग्राहीको चाप निकै कम भएको छ । दिनभर लाग्ने कतिपय काम केही मिनेटमा समेत हुने गरेको विभागको दाबी छ।

विभागले आफ्नै जनशक्ति र स्रोतसाधनको प्रयोग गरी निकै कम खर्चमा तयार गरेको उच्च प्रविधिको उक्त सेवा सञ्चालनमा आएपछि जनताले कन्सुलरसम्बन्धी आफ्नो काम कहाँ कुन चरणमा पुगेको छ भनेर घरबाटै जानकारी लिन र प्रतिक्रिया दिन सक्नेछन्।

विभागको आफ्नै कार्ययोजना र सिर्जनामा निर्माण गरिएको अनलाइन कन्सुलर सेवा प्रणालीको स्रोत पूर्णरूपमा विभागसँगै रहेकाले पूर्णरूपमा सुरक्षित मात्र नभई आवश्यकतानुसार परिमार्जन गर्न अरु कुनै कम्पनीमा निर्भर हुनुपर्ने छैन। विभागको सेवा लिने क्रममा कुनै समस्या र अल्झन खेप्न नपरोस् भनी निःशुल्करूपमा टोल फ्रि नम्बर ११५२ सञ्चालनमा ल्याएर केन्द्रसँग जोड्ने काम भएको छ। महानिर्देशक ओली भन्नुहुन्छ, "मुलुकभर कन्सुलर सेवालाई जनताप्रति उत्तरदायी बनाउँदै कम समयमा नै सहज र गुणस्तरीय सेवा दिने प्रयास गरिएको छ। त्यसका लागि तत्तत् कार्यालयमा इन्टरनेट र विषयविज्ञ जनशक्ति भने आवश्यक छ।" विभागको उक्त कार्यले सेवाग्राहीले काठमाडौं आउनुपर्ने स्थितिमा कमी भएको छ।

विभागले आर्थिक वर्ष २०७८/७९ मा तीन लाख ७८ हजार व्यक्तिलाई कन्सुलर सेवा प्रदान गरी कागज प्रमाणित गरेवापत मात्रै रु २२ करोड राजस्व सङ्कलन गर्न सफल भएको छ। अघिल्लो आर्थिक वर्षमा भने एक लाख ३४ हजारले मात्रले त्यो सेवा प्राप्त गरेका थिए।

जहाँसुकैबाट पनि कन्सुलरको आफ्नो कामबारे हेर्न र बुझ्न सकिने व्यवस्था गरिएको छ । विभाग नयाँ प्रविधिको प्रयोगमा प्रवेश गरेसँगै कन्सुलर सेवा विभागसँग प्रणाली आबद्धता भएका कार्यालयबाट जारी राहदानी, नागरिकता, प्रहरी रिपोर्टलगायत कागजात विभागबाट तत्काल नै प्रमाणीकरण हुने व्यवस्था गरिएको छ।

स्थानीय तहबाट जारी कागजात राष्ट्रिय परिचयपत्र र पञ्जीकरण विभागसँग प्रणालीमा आबद्धता गरी तत्काल नै प्रमाणीकरण हुनेसमेत व्यवस्था गरिएको छ। नेपालका अन्य विभाग तथा निकायलाई समेत कन्सुलर प्रणालीमा आबद्धता गर्ने कार्य भइरहेको जानकारी दिइएको छ । कन्सुलर सेवा विभागबाट प्रमाणीकरण भएका सम्पूर्ण काजगातको कन्सुलर सेवा विभागको प्रणालीमा विश्वभरबाट नै अनलाइन रुजु गर्न सक्ने व्यवस्था गरिएको छ। उक्त कार्यबाट नेपालका कागजात मिथ्या हुँदैनन् भन्ने मान्यता स्थापित गर्न विभाग सफल भएको छ।

विभागद्वारा प्रदान गरिएका सबै सेवा अनलाइन अभिलेखमा दर्ता छन् । विगतमा पाँच-सात घण्टा लाग्ने केही काम अहिले प्राविधिक हिसाबमा २१ सेकेन्डमा हुन्छ भने समग्रतामा पाँच मिनेटभित्र सम्पन्न हुने विभागले स्पष्ट गरेको छ। नेपाली कार्यालय भए पनि अङ्ग्रेजी अनौठो नाम र सेवाग्राहीलाई नै कार्यक्षेत्र थाहा नभएको अड्डाकारूपमा रहेको कन्सुलर विभागको मुख्य काम भनेको सरकारी कागजातको अध्यागमनजस्तै हो।रासस

# अन्तर्राष्ट्रिय डाँक सेवा पुनः सञ्चालन हुने

काठमाण्डु ।हुलाक सेवा विभागले अन्तर्राष्ट्रिय डाँक सेवा पुनः सञ्चालन गर्ने भएको छ । यही असोज महिनाभित्र अन्तर र्ष्ट्रिय डाँक सेवा सञ्चालनका लागि विभागले अन्तर्राष्ट्रिय विमान कम्पनी र सरोकारवालासँग छलफल, समन्वय र पत्राचार गरेको हो।



विभागका महानिर्देशक इन्दु घिमिरेले सूचना, सञ्चार र प्रविधिको विकाससँगै हुलाक सेवाको विकास गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय डाँक सेवालाई पुनः सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाइएको जानकारी दिनुभयो।

द्रुत डाँक सेवा, पार्सल/सामान वा मालवस्तु र चिठ्ठिपत्रको काम गर्दै आएको विभागले आन्तरिक द्रूत सेवाअन्तर्गत हवाईमार्गमार्फत काठमाडौं, भक्तपुर, ललितपुर, कास्की, मोरङ, धनुषा, बारा, रुपन्देही, बाँके र कैलाली जिल्लामा एक दिनमा पर्बत, स्याङ्जा, तनहुँ, सुनसरी, सप्तरी, सिरहा, महोत्तरी, रौतहट, कपिलवस्तु, नवलपरासी, चितवन, बर्दिया, सुर्खेत, कञ्चनपुर, मुगु, डोल्पा र जुम्लामा दुई दिन र बाँकी जिल्लामा तीन दिनमा सेवा प्रदान गर्दै आएको छ।

नेपाल फिलाटेलिक सोसाइटीका अध्यक्ष केदारप्रसाद प्रधानले हुलाकले अन्य कम्पनीले भन्दा सस्तो शुःल्कमा डाँक सेवा सञ्चालन गरेकाले विभागले प्रभावकारी रुपमा यसलाई प्रचारप्रसार गर्नुपर्नेमा जोड दिनुभयो। विभागलाई अझै प्रभावकारी र विश्वासिलो बनाउन हरेक गतिविधि पारदर्शी हुनुपर्ने उहाँको भनाइ थियो।

पूर्वसचिव भुवनेश्वर प्रधानले विभागलाई विश्वसनीय र भरपर्दो संस्थाको रुपमा विकास गर्न भ्रष्टारको अन्त्यसँगै कर्मचारीलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिनुभयो। विज्ञापन बोर्डका प्रमुख प्रशासकीय अधिकृत विशालराज गौतमले हुलाक सेवालाई प्रभावकारी बनाउन दीर्घकालीन योजना बनाएर अगाडि बढ्न सुझाव दिनुभयो। हवाई मार्गबाट देशभित्रै डाँक ढुवानी गर्न यति एयरलाइन्स, नेपाल एयरलाइन्स, श्री एयरलाइन्स र बुद्ध एयरलाईन्ससँग सम्झौता गरिएको छ।

महानिर्देशक घिमिरेले नेपालको पुरानो, विश्वसनीय, जनमनमा बसेको संस्था हुलाक सेवालाई पुनःक्रियाशील र पुनःजीवित बनाउने योजना सुनाउनुभयो । व्यक्तिगत र संस्थागत इएमएस, पार्सल, चिठीपत्र हुलाकमार्फत ढुवानी गर्न केही सुधारका कार्य गर्ने विभागको योजना छ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# निराश मतदाता

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा उम्मेदवार भएकाहरु जनताको घरदैलोमा पुग्ने औपचारिकता पूरा गर्न सुरु गरिसकेका छन् । पाँच वर्षसम्म जनताको हालखवरसमेत सोधपुछ गर्न नसक्नेहरु अहिले साष्टांग दण्डवत गरी मतदाताहरुलाई आफूतर्फ तान्न प्रयासरत रहेका छन् । हुनत मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरी आफ्नो दश वर्षे कार्यकालसमेत सम्पन्न गरिसकेका छन् तर ती पुराना प्रवृत्ति भने अहिलेसम्म जारी नै राखेका छन् । निर्वाचन नजिकिदै जाँदा जनतालाई स्मरण गर्ने तिमीनै आमाबुवासमेत भन्ने तर जितिसकेपछि आफ्नो स्वार्थमा लिप्त हुने गरेका कारण जनतामा ठूलो निराशा छ । को आफ्नो को पराया जनता छुट्टयाउन सकिरहेका छैनन् । आफ्ना एजेण्डा लिएर उनीहरुले घरदैलो सुरु गरिसकेका छन् । अहिले निर्वाचनमा खास गरी दुई गठबन्धनबीच निर्वाचन हुँदैछ । दुबै गठबन्धनका दलहरुले घोषणापत्रसमेत सार्वजनिक त परै जाओस बनाउनसमेत सकेका छैनन् तर उम्मेदवारहरुले उम्मेदवारी दर्ता गराएपछि घरदैलोमा पुग्ने गरेका छन्, मतदातालाई रिझाउने काममा उनीहरु आफ्ना पासो फाल्दै गएका छन् । राणाकालदेखिनै शोषण, उत्पीडनमा परेकाहरुका लागि ठूला ठूला परिवर्तन भए तर, उनीहरुको अवस्था यथावत छन् । अपार परिवर्तन भए १० वर्षे युद्ध गरेर शान्तिपूर्ण राजनीतिमा आएकाहरुवाट पनि ठूलो अपेक्षा थियो भने पटक पटक भएको मधेश आन्दोलनबाट जन्मेका नेताहरुवाट जनताले अपेक्षा राखे तर निराशा बाहेक केही पाउन सकेन् । निराश छन्, उत्पीडित छन्, अपहेलित छन् तर मतदान गर्न जानु पर्छ किनभने त्यो हाम्रो नैसर्गिक अधिकार हो । निराश भएर भए पनि मतदान गर्नु नै उत्तम विकल्प हो । आफ्नो भन्दा राम्रोलाई चुन्नु जनताको अधिकार हो तर, लोभ, लालच र प्रपञ्चमा फस्नु हुँदैन् । जातपात, धर्म, लिङ्ग, भेषभूषामा फस्नु हुँदैन् तर, मतदाताको लागि ठूलो समस्या भनेको यी समस्याहरु नै हो । कसैको प्रलोभनमा पर्नु भन्दा उपयुक्त र सक्षमलाई रोज्दा मात्रै समृद्धि आउन सक्छ । वर्षौंदेखि एक जनालाई नै चुन्नु पनि मतदाताको गल्ती हुन सक्छ परिवर्तन आफैबाट सुरु गर्नु पर्छ । आफूमा रहेको जिद्धि स्वभाव र निराशावादी प्रवृत्तिलाई परिवर्तन गरी घरदैलोमा पुग्ने नेताहरुबाट उनीहरुको प्रलोभनमा पर्नु भन्दा उनीहरुको एजेण्डा सोध्नु उपयुक्त होला । हावातालमा कुरा गर्नेहरुलाई उनले प्रस्ताव गर्ने गरेका एजेण्डा कसरी पूरा गर्न सक्छ त्यो बिषयमा उनको कुरा सुन्नु पर्छ । निराशावादी भएर हैन आशावादी भएर घरदैलोमा पुग्नेहरुलाई प्रश्नको पहाड उभ्याएर उनीहरु मध्ये वैचारिक रुपमा सवल हुनेलाई मतदान गर्दा मतदाताको दक्षताको पहिचान हुन्छ । प्रलोभनमा पर्दा निराशाबादी भएर मतदान गर्नु भन्दा आशावादी भएर मतदान गर्दा दक्ष व्यक्तिलाई चुन्न सजिलो हुनेछ ।

# मधेश प्रदेशमा बर्चस्वको लडाई



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

मधेश आन्दोलन पश्चात मधेश केन्द्रीत दलहरुले मुलुकमा आफ्ना सशक्त पहिचान स्थापित गरेको छ । एकाधबाहेक मुलुकमा गठित सरकारहरुमा मधेशकेन्द्रीत दलहरुले निर्णायक भूमिका खेल्दै आएका छन् । अपितू, सरकारका गठनको विषयमा एकरुपता नहुँदा दलहरु पटक पटक विभाजितपनि भएका छन् ।

मधेश आन्दोलनपछि २०६४ सालको पहिलो संविधानसभाको निर्वाचनमा सशक्त रुपमा उदाएपछि मुलुकमै हलचल उत्पन्न भएको थियो । यसो भन्नुपर्दा, मधेशबाट काँग्रेस र एमाले बढारिएकै थियो । तर, परि स्थिति अव, कोल्टो फेरेको छ, विगतका निर्वाचनका परिणामहरुलाई दृष्टिगत गर्दा काँग्रेसले गुमाएको जनसमर्थन पुनः समेटनमा कमसेकम सफल भइरहेको अवस्था छ । तसर्थ, काँग्रेसको जनसमर्थन देखेर हो कि उपेन्द्र यादवले काँग्रेसलाई कमजोर पार्नका लागि एमालेसँग तालमेल गरेको देखिन्छ ।

संविधान जारीपछि प्रतिनिधिसभा र प्रदेशसभाको यो दोश्रो निर्वाचन हो । २०७४को निर्वाचनमा मधेशकेन्द्रीत दलहरुमा राजपा चौंथो र संसफो पाँचो स्थान प्राप्त गरेको थियो । २०६४को निर्वाचनजस्तै २०७४को निर्वाचनमा पनि मधेशकेन्द्रीत दलहरुले सम्मानजनक सिट प्राप्त गरेको थियो । २०७९को निर्वाचनमा २०७४ को निर्वाचनको परिणामलाई दोहराउनका लागि खासगरी जसपामाथि बढी दवाव देखिन्छ । किनभने, मधेश प्रदेशमा सो दलको नेतृत्वको सरकार पनि छ । सम्मानजनक परिणाम नआएको खण्डमा प्रदेश सरकारको नेतृत्व गुम्ने डरपनि छ ।

पहिलो संविधानसभाको मार्फत संविधान निर्माणको विषयलाई बढी प्रमुखता राख्न नसकेको र सत्तातर्फ बढी केन्द्रीत भएपछि दलहरु विभाजित बन्दै गएको तीत्तो यर्थाथ हो । तर, टुटफुट भएपनि मधेशकेन्द्रीत दलहरु आ-आफ्ना पहिचान राख्नमा अहिलेसम्म सफलनै रहेको देखिन्छ । तर, जव सरकारमा प्रवेशको कुरा उठ्छ, त्यतिखेर, मन्त्री बन्नका लागि पार्टीभित्र चरम सङ्घर्ष हुन्छ र दल विभाजित हुन्छन् । त्यस कारणले मधेशकेन्द्रीत दलहरु प्रति सर्वसाधारणको मनमा वितृष्णापनि उत्पन्न भएको छ । मधेशी समुदायको भावना आहत भएको छ । जुन उद्देश्यका लागि पटक पटक मधेश आन्दोलन भयो, त्यसको प्रतिफल नेताहरुले पाएपनि सर्वसाधारण जनता अहिलेसम्म बञ्चित नै छन् । आसेपासेको कामकाज भएको छ । समग्रमा भन्नुपर्दा, मधेश प्रदेश पिछडिएकै अवस्थामा छन् । तर, एउटा कुरा विर्सनु हुँदैन कि पहिलो र दोश्रो मधेश आन्दोलनपछि २०६४को निर्वाचन भएको थियो । २०७२मा संविधान जारी हुन लाग्दा मधेशकेन्द्रीत दलहरु संसदमा बहश गर्नुभन्दा सडक आन्दोलनमा उत्रेको थियो । त्यसपछि, २०७४को निर्वाचन भएको थियो । यी दुइटै निर्वाचनमा सन्तोषजनक परिणामको पछाडि मधेश आन्दोलनको महत्वपूर्ण भूमिका नै देखिन्छ । किनभने, २०७०को दोश्रो संविधानसभाको निर्वाचनमा मधेशी जनअधिकार फोरमलगायत मधेशकेन्द्रीत दलहरु अधिकांस सिट गुमाएका थिए । २०७०को निर्वाचनअघि कुनै मधेश आन्दोलन भएको थिएन् ।

मधेशी समुदायले गरेको बलिदानको फलस्वरुप मधेशकेन्द्रीत दलहरुले सम्मानजनक जित हात पारेको थियो । अव, हुन गइरहेको निर्वाचन बेगर मधेश आन्दोलनको भइरहेको छ । 'हेरौं !' विगतका आन्दोलनको प्रभाव, प्रदेश सरकारको कामकाज र उपेन्द्र यादवको रणनीति कतिको प्रभावकारी हुनेछ । पटक पटक मधेश आन्दोलन गरेर निर्वाचनमा जित्नुभन्दा जनताको मन जित्नु पर्छ । जनताको मन जितेपछि जित सुनिश्चित छ, नत्र जनताले शुन्यमा झार्ने क्षमता राख्दछ । २०७४को प्रतिनिधिसभाको प्रत्यक्षतर्फको निर्वाचनअन्तर्गत मधेश प्रदेशको ३२ सिटमध्ये तत्कालीन राजपाले एघारह, संसफो (हाल जसपा)ले दसं, काँग्रेसले ६, माओवादी केन्द्रले पाँच र एमालेले दुई स्थानमा जित हात पारेको थियो ।

दुइटै मधेशकेन्द्रीत दल मिलेर चुनाव लड्दा ३२ सिटमध्ये १९ संसदीय क्षेत्रमा जित हात पारेको थियो । अव, ति दुई पार्टीबीच फुट भएको छ । त्यसमा अर्को मधेशकेन्द्रीत दल जनमत पार्टीपनि थपिएको छ । एमालेको मधेशमा खासै पकड छैन् । अव, मतदातालाई आफ्नोतर्फ आकर्षित पार्नका लागि कडा मिहिनेत गर्नुपर्ने हुन्छ । हुन त निर्वाचनमा सवै उम्मेद्वारलाई जित हात पार्नका लागि मतदातासँग भावनात्मक सम्बन्ध बनाउनुपर्ने हुन्छ ।

अप्रत्यासित रुपमा उपेन्द्र यादवले आफ्ना खेमा परिवर्तन गरी सवैभन्दा बढी विरोध गर्ने केपि ओलीसँग हातेमालो गर्नुभएको छ । मधेश आन्दोलनको समयमा मधेशी समुदायले सवैभन्दा बढी आक्रोस केपि ओलीमाथि नै प्रकट गर्ने गर्दथ्यो । स्वयं उपेन्द्र यादवले केपि ओली प्रतिगमणकारी रहेको पटक पटक आरोप लगाउनु हुन्थ्यो ।

मधेशकेन्द्रीत दलको मेरुदण्ड मधेश प्रदेश नै हुन् । मधेश प्रदेशमा आठ जिल्ला पर्छ । यसबाहेक अन्य बाह्र जिल्लामा मधेशी एवम् थारु समुदायको बाक्लो उपस्थिति छ । मधेशकेन्द्रीत दलहरुको ति जिल्लाहरुमा पनि सङ्गठन छन् । कतिपय संसदीय क्षेत्रमा जित्ने साम्र्थ्य पनि राख्छन् भने केही क्षेत्रहरुमा निर्णायक भूमिका खेल्छन् ।

तर, मधेश प्रदेश दलहरुका लागि आधारस्तम्भ भएकाले खासगरी जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र जनमत पार्टीले आ-आफ्ना निर्वाचनमा बर्चस्व स्थापितका एक अर्काका विरुद्ध चुनावी मैदानमा उत्रेका छन् । यसअघि, २०७४को निर्वाचनमा उपेन्द्र यादवको नेतृत्वको संसफो र महन्थ ठाकुर नेतृत्वको राजपाबीच आपसी तालमेल गरेर निर्वाचनमा सहभागी भएको थियो ।

मधेशको राजनीतिमा केन्द्रविन्दुको रुपमा पहिचान बनाएका उपेन्द्र यादवले सत्ता गठबन्धनसँग अलग भएर एमालेसँग चुनावी तालमेल गरेपछि यसले सो पार्टीलाई कतिको फाइदा पुग्ने विषयमा अहिले चर्चा परिचर्चाका विषय बनेका छन् ।

राजनीतिक तालमेलको प्रभाव कतिको पर्छ, त्यो विषयभन्दा मधेश प्रदेशमा विगत पाँच बर्षदेखि जसपाको मुख्यमन्त्रीको रुपमा लालबावु राउत मुख्यमन्त्री रुपमा आसिन हुनुहुन्छ । यस निर्वाचनमा मतदाताले प्रदेश सरकारको कार्यकाललाई समेत मुल्याङ्कन गर्नेछन् । अर्कोतर्फ, स्थानीयतहको निर्वाचनमा जसपाले सन्तोषजनक परिणाम ल्याउनमा चुकेको छ । गत्त, वैशाखमा सम्पन्न स्थानीय तहको पालिकाको निर्वाचनमा जसपाको तुलनामा लगभग दोब्बरको हाराहारी काँग्रेसले जित हात पारेको छ । स्थानीय तहको निर्वाचनमा काँग्रेस ठूलो पार्टी भएको नाताले जसपाभन्दा अत्यधिक सिट राख्न खोज्नु एक किसिमले जायज देखिन्छ । स्थानीय तहको निर्वाचनभन्दा प्रदेश र प्रतिनिधिसभाको निर्वाचन फरक हुने गर्छ ।

*मधेशको राजनीतिमा केन्द्रविन्दुको रुपमा पहिचान बनाएका उपेन्द्र यादवले सत्ता गठबन्धनसँग अलग भएर एमालेसँग चुनावी तालमेल गरेपछि यसले सो पार्टीलाई कतिको फाईदा पुग्ने विषयमा अहिले चर्चा परिचर्चाका विषय बनेका छन् । राजनीतिक तालमेलको प्रभाव कतिको पर्छ, त्यो विषयभन्दा मधेश प्रदेशमा विगत पाँच बर्षदेखि जसपाको मुख्यमन्त्रीको रुपमा लालबावु राउत मुख्यमन्त्री रुपमा आसिन हुनुहुन्छ । यस निर्वाचनमा मतदाताले प्रदेश सरकारको कार्यकाललाई समेत मुल्याङ्कन गर्नेछन् । अर्कोतर्फ, स्थानीयतहको निर्वाचनमा जसपाले सन्तोषजनक परिणाम ल्याउनमा चुकेको छ । गत्त, वैशाखमा सम्पन्न स्थानीय तहको पालिकाको निर्वाचनमा जसपाको तुलनामा लगभग दोब्बरको हाराहारी काँग्रेसले जित हात पारेको छ । स्थानीय तहको निर्वाचनमा काँग्रेस ठूलो पार्टी भएको नाताले जसपाभन्दा अत्यधिक सिट राख्न खोज्नु एक किसिमले जायज देखिन्छ । स्थानीय तहको निर्वाचनभन्दा प्रदेश र प्रतिनिधिसभाको निर्वाचन फरक हुने गर्छ ।*

स्थानीयतहमा उम्मेद्वारको व्यक्तित्वले धेरै महत्वपूर्ण भूमिका निर्वाह गर्छ भने प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा उम्मेद्वारको व्यक्तित्व र सङ्गठनको महत्वपूर्ण भूमिका हुन्छ । पार्टीगत रुपमा हेर्दा मधेश प्रदेशमा एमाले केही कमजोर अवस्थामा छन् । जसपाको उम्मेद्वारले एमालेको मतलाई तान्न सफल भएपछि पनि जित हात पार्नका लागि अन्य दलका मतदाताहरुलाई आफूतिर तान्नु पर्ने हुन्छ । किनभने, काँग्रेस, माओवादी र लोसपा एक ठाउँमा भएकाले अन्य दलको तुलनामा सतही दृष्टिकोणले हेर्दा अवस्था अलि बलियो देखिन्छ ।

### उपेन्द्रको परीक्षा

उपेन्द्र यादवको पहिचान कुशल कुटनीतिज्ञ नेताको रुपमा छ । उहाँ बढी अडान लिने नेताको रुपमा पनि चिनिन्छ । दूरगामी सोच राख्ने नेताको रुपमा चित्रण गरिन्छ । एकाएक सत्ता गठबन्धनबाट अलग हुनुको मुख्य कारणको रुपमा उहाँले काँग्रेस षडयन्त्र गर्न खोजेको र कम सिटमा सिमीत गर्न चाहेको आरोप लगाउनुभएको छ । दलहरुबीच सम्बन्धविच्छेद हुँदा एक अर्कामाथि आरोप प्रत्यारोप लगाउनु सामान्य विषय हो ।

जसपा र एमालेबीच तालमेल भएको छ । धनुषा र महोत्तरी गरी पाँच सिटमा तालमेल हुन सकेन् । जुन जुन ठाउँमा एमाले आफूलाई बलियो ठानेका छन् । सो क्षेत्रमा जसपाका लागि छोडेनन् । प्रायः आफू जित्न नसक्ने ठाउँहरु नै जसपाका लागि छोडेको देखिन्छ । एमाले मधेश प्रदेशमा केही कमजोर भएपनि सो दलको प्रतिबद्ध कार्यकर्ताहरु छन् । त्यो मत जसपाले पाएपछि फाईदामा पुग्ने देखिन्छ । जसपा र काँग्रेसका मत कतिखेर खेमा परिवर्तन गर्ने विषयमा ठोकुवा गर्न असम्भव छ । तसर्थ, मेरो दृष्टिकोणमा जसपा बढी फाईदामा रहने सम्भावना छ । तर, मधेशको निर्वाचनमा जातीय समीकरण र आर्थिक खेलले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिएको छ ।

यदि, यो तालमेलले राम्रो परिणाम ल्याउन सकेन भने उपेन्द्र यादवको राजनीतिमा धेरै बढी क्षति हुनेछ । मधेश प्रदेशमा काँग्रेस, माओवादी केन्द्र, लोसपा र एकीकृत समाजवादी एक ठाउँमा उभिएको छ । यस्तो अवस्थामा जसपासँग एमाले उभेका छन् ।

यस्तो अवस्थामा उपेन्द्र यादवले आफ्नो जातीय मतका साथै मुख्यमन्त्री लालबावु राउतको सहयोगमा मुस्लिम मतलाई जसपाको पक्षमा गोलबद्ध पारेर चुनाव जित्न खोज्छन् । तर, अव त्यति सहज छ, जस्तो लाग्दैन् । मतदाता पहिलेको तुलनामा धेरै सजग छन् । पाँच बर्षको कार्यकालका साथै उम्मेद् वारको क्षमताको विश्लेषण गरी मतदान गर्नेछन ।

मधेश प्रदेशको सरकारले काँग्रेसका मन्त्रीलाई हटाएका छन् । सङ्घीय सरकारले जसपाका मन्त्रीलाई हटाएपछि सो को प्रतिशोधमा हटाइएको हो । वास्तवमा, राजनीतिक नैतिकता गुमाइएको कारणले मन्त्रीहरु हटाइएको सम्झनु पर्दछ । जतिखेर, जसपाले सत्ता गठबन्धनबाट हटेको घोषणा गरेको थियो उतिखेर नै आ-आफ्ना मन्त्रीहरुलाई फिर्ता बोलाउनुपर्ने नैतिकता देखाउनुपर्ने थियो ।

हुन त अहिले लक्ष्मी पूजा र छठसम्म खासै चुनावी माहौल तात्तिने अवस्था नभएपनि उम्मेद् वारहरु छठ पर्वको अवसरमा मत माग्ने र छठीमाताको आशीर्वाद लिनका लागि तल्लीन रहनेछन् ।

२०७४को निर्वाचनको समयमा मधेशकेन्द्रीत दलहरु मिलेर चुनावमा उठेका थिए । उपेन्द्र यादव र अशोक राईलाई काँग्रेसको समर्थन प्राप्त थियो । उपेन्द्र यादवको लागि फलदायी नै भएको थियो । यसपल्ट सप्तरी-२बाट लोकतान्त्रिक समाजवादी पार्टीलाई काँग्रेसको समर्थन छ । जनमत पार्टीका अध्यक्ष सिके राउतपनि सोही सोही क्षेत्र सप्तरी-२बाट चुनावी प्रतिस्पर्धामा उत्रेका छन् ।

सो क्षेत्रको निर्वाचनतर्फ सवैको ध्यान तानिनु स्वभाविक पनि हो ।

खासगरी, तराईका जिल्लाहरुमा जसपा र एमालेको गठबन्धनको विषयनै चर्चामा प्रमुखता पाएका छन् । यी दुई दलबीच धेरै तीतो सम्बन्ध थियो । तराईका कतिपय मतदाताहरु अहिलेपनि यी दुई दलबीचको गठजोडलाई पचाउन नसकिरहेको चर्चा पनि छ । खासगरी मधेश प्रदेशमा धेरै रोचक एवम् घोचक निर्वाचनको परिणाम आउने प्रवल सम्भावना छ । 'इतिश्री' !

# सरकारी कर्मचारी : जनताले तिरेको करबाट नै मोजमस्ती गर्ने, अझै जनतालाई नै दास सम्झने

रुषा थापा

आगामी चुनाव लड्न टिकट पाएका उम्मेदवार हरुले अहिलेपनि सरकारी वा संस्थानका गाडीहरुको दुपयोग गरेर भोट माग्न वा प्रचारप्रसार गर्न त्यहीं गाडीको प्रयोग गरिरहेका छन् । साथै यता कति सांसदहरुले असोज १ गतेदेखि सांसद पद सिधिँएपनि सरकारी गाडी अहिलेसम्म बुझाएका छैनन् । उता कति मन्त्रीहरु मन्त्री पदबाट हटेपनि उनीहरुले सरकारी गाडीको प्रयोग गर्नछोडेका छैनन् ।

चुनाव लड्न टिकट पाएका उम्मेदवार, नेता, राजनितिक दलका कार्यकर्ता, सांसद, मन्त्री आदि सबैले अहिले सरकारी गाडी वा सम्पत्तिको दुपयोग गर्दै छन् । अहिलेपनि सरकारी गाडीहरु बिदाको दिनपनि चलिरहेको भेटिन्छ र सरकारी गाडी चढेर सरकारी कर्मचारीहरु किनमेल गर्न वा रमाइलो गर्न गइरहेको पनि देखिन्छ । जनताले तिरेको करबाट सरकारी गाडी किनेर कमिशन खान वा राज्यको ढुकुटी दोहन गर्न प्रदेश सरकार र संघ सरकार जुधिरहेका छन् ।

तर यसरी सरकारी गाडी किन्ने पैसाले अस्पताल, विघालय, आकाशे पुल वा जनतालाई आवश्यक पर्ने विभिन्न सामग्रीहरु बनाउने हो भने कति विकास हुन्छ, होला । यता नयाँ गाडी किनेको तीन महिनामै गाडी बिग्राने । बिग्रारेको गाडी वर्कसपमा लैजाने र वर्कसपसँग मिलेर हाकिमले कमिशन खाने । उता २० लिटर पेट्रोल तथा डिजेल खर्च भएमा १०० लिटरको बिल बनाउने र पैसा खाने ।

त्यस्तै सरकारी गाडी चलाउने चालक र हाकिमले बिदाको दिन सरकारी गाडी चढेर घुम्न जाने वा ससुराली जाने तर त्यो पेट्रोल तथा डिजेल तै जनताले तिरेको करबाट हाल्ने । भाडाको गाडीमा आउँदा र जाँदा २०/२० रुपैँया भए पुग्ने बाटोमा १० लाखदेखि ३ करोडको गाडीमा आउनेजाने । एउटा सरकारी कर्मचारीलाई यति महंगो गाडी किनेर सरकारले दिने गर्छ, अनि देश कसरी विकास हुन्छ । तर यता गाडी मात्र त दिएर पुग्दैंन नि त । गाडी भएपछि त चालक, तेल पनि चाहिन्छ नि त । साथै त्यो गाडी बिग्रिदा त छुटै खर्च लाग्ने गर्छ । सरकारी कर्मचारी भाडाको गाडीमा आओस् कि सरकारी गाडीमा । यो त जनता र सरकारको चासोको कुरा होइन नि त । यसरी सरकारले सरकारी कर्मचारीलाई यति महंगो गाडी किनेर दिनु भनेको त जनताले तिरेको करको दुरुपयोग गर्नु हो नि त ।

सरकारले सरकारी कर्मचारीलाई सरकारी गाडी दिएपनि १०:१५ बजे कार्यालय आइपुग्नु पर्नेमा १२ बजे आइपुग्छन् र एकछिन गफसफ गरेर घरतिर दौडिन्छन् । साथै सरकारी कर्मचारीहरु एकहप्ता पछिको हाजिर एकहप्ता अगाडी गर्छन् र एकहप्ता अगाडीको हाजिर पछाडि गर्छन् । कार्यालयमा आउने र फेसबुक टिकटकमा झुण्डिने । त्यस्तै कार्यालयमा आउने र कार्यालयकै फोनबाट आफ्नो आफन्तसँग घण्टौं कुराकानी गर्ने । कार्यालयमा आफ्नो कोठामा नबस्ने र अरुसँग गफ गरेर बस्ने । काम भने नगर्ने तर घाम तापेर वा क्यान्टिनमा गफ गरेर बस्ने ।

अफिसमा बैठक वा मिटिङ् भएमा १० जना भएमा २० पोका खाजा ल्याउने र बढी भएको खाजा घरतिर लैजाने । अफिसमा आवश्यक पर्ने सामान हजारमा किनेमा ३ हजारको बिल बनाउने , नयाँ सामान किनेको एकहप्तामै आफैं बिग्रने । त्यो बिग्रियो भनेको सामान घरतिर लैजाने र फेरि अर्को सामान किनेर कमिशन खाने । साथै अफिसको सामानहरु पनि नसोधी घरतिर लैजाने र ५ बजेसम्म कार्यालयमा बस्नुको साटोमा ३ बजेनै घरतिर लाग्ने ।

कार्यालयमा सेवाकर्मीहरु काम लिएर आएमा हाकिम कार्यालयमा नहुने र कर्मचारीले पनि भर्खर यँही हुनुन्थ्यो भनेर झुठो बोल्ने तर हाकिम भने एक महिनादेखि कार्यालय नै नआउने । जनताको काम छिटोछरितो नगर्ने , राम्रोबोली बचन नगर्ने, छिटै हुने कामलाई पनि अल्मल्याएर राख्ने, पैसा दिएमा मात्र काम गरिदिने र कार्यालयमा बसेरपनि राजनितिक दलको सदस्यता लिने र झोला बोक्ने । कार्यालयमा बसेर ठुल्लठुल्ला राजनितिक भाषण गर्ने र आफ्नो पार्टीको सरकार आएमा आफुले भनेको ठाउँमा सरुवा वा बदुवा हुने । तर यता विपक्षको सरकार आएमा मन्त्रीलाई पनि सहयोग नगर्ने र सरकार नै असफल बनाउने । जनताले तिरेको करबाट तलबभत्ता, पेन्सेन र सरकारी गाडी चढ्ने तर काम भने चाहिँ व्यापारीहरुको गर्ने । वर्षेपिछे तलब बढाउनुपर्छ भनेर आन्दोलन गर्ने तर काम नगर्ने । साथै काम नगर्ने , घुस खाने र राजनितिक दलको सदस्यता लिने सरकारी कर्मचारीलाई सरकारले पनि हटाउन नसक्ने ।

सरकारी जागिर खाएको ३ देखि ४ वर्षमा घडेरी किन्ने, अपुग सम्पत्ति कमाउने र बालबच्चालाई पनि महंगो विघालयमा पढाउने । सरकारी कर्मचारीको पदअनुसार महिनाको २० देखि ५० हजार तलब रहेको हुन्छ । तर जागिर खाएको ३ देखि ५ वर्षमै ३ करोड पर्ने घडेरी किन्छन् । अनि त्यो तलबले त बालबच्चा पढाउने कि खाने । अब भन्नुस् त्यत्रो पैसा कताबाट आयो त । अनि के यो भ्रष्टचार होइन र ।

जनताहरु भन्छन्, सरकारी कर्मचारीले देश डुबाए र भ्रष्टाचार गरे तर सरकारी कर्मचारी भन्छन्, नेताले देश डुबाए र भ्रष्टाचार गरे । पछिल्लो समय नेपाल विदेशीकै ऋणमा डुबिसकेको छ । अहिले प्रत्येक नेपालीको टाउकोमा ७९ हजार विदेशी ऋण रहेको छ । अब विदेशी ऋणको साँवा र ब्याज तिर्न नसकेमा नेपाल नै रहदैंन वा श्रीलंका हुन्छ । साथै नेपाल श्रींलका जस्तो हुने लक्षण पनि देखिसकेको छ । अहिले बजारमा आर्थिक मन्दी आएको छ ।

साथै अहिले बैंक टाट पल्टि सकेको छ र घरजग्गा, गाडी र सेयरमा मन्दी आइसकेको छ । ४ हजार कित्तामा किनेको सेयर सय रुपैँयामा आइसकेको छ र ५० लाख आनामा किनेको घडेरी एक लाखमा आइसक्यो । यसबाट के देखिन्छ त । यसबाट त सरकारले अब विदेशी ऋणको साँवा र ब्याज तिर्न सक्दैंन भनेर बुझिन्छ । अहिले बैंकहरु डुबिसकेका छन् भने सहकारीहरु भागिसकेका छन् ।

प्रत्येक दिन डलरको भाउ बढिरहेको छ भने नेपाली मुद्रा कमजोर हुदैं गइरहेको छ । सरकारी कर्मचारीहरुले पनि आफुले खाएको घुस विदेशी बैंकमा राखेका छन् । नेताले त आफुले खाएको घुस चुनावमा खर्च गर्ने गर्छन् तर सरकारी कर्मचारीले कता खर्च गर्छन् । सरकारी कर्मचारीहरु ज्यान गए पनि आफुले खाएको घुस बाहिर निकाल्दैंनन् । सरकारी कर्मचारीहरुले घुस खाएर आफ्नो छोराछोरीलाई राम्रो शिक्षादीक्षा दिन्छन् , अनि पछि अमेरिका , अस्ट्रेलिया पठाउँछन् ।

जनताले पटकपटक आन्दोलन गरेर देशमा राजनितिक परिवर्तन गरेपनि सरकारी कर्मचारीको कार्यशैलीमा परिवर्तन भएन । यिनीहरु घुसबिना जनताको काम गर्दैनन् र जनतालाई दुःख दिने गर्छन् । साथै पहिला हुने कामलाई पनि नहुने भन्ने र पछि पैसा दिएपछि जस्तो सुकै काम गरिदिने । सिधासाधी जनताहरु काम लिएर सरकारी कार्यालयमा जाँदा काम नै हुदैंन भनेर फिर्ता पठाउने तर लेखनदास वा दलालीलाई पैसा दिएमा त्यँही काम पनि हुने ।

सरकारी कर्मचारीहरुले खुलेआम भ्रष्टाचार गरिरहेका छन् , जनताले दुःख पाइरहेका छन् र नेपाल विदेशी ऋणमा डुबिसकेको छ । अख्तियार हजारदेखि दुईसम्म रुपैँया घुस खाने सरकारी कर्मचारीलाई समातेर ठुलो काम गरेको बताउँछन् तर ठुल्लठुल्ला भ्रष्टाचार गर्नेलाई तै समात्न सक्दैंन । यता शुद्धिकरण विभाग न सरकारी कर्मचारीको नै सम्पत्ति छानबिन गर्छ न त नेताको नै । साथै व्यापारीहरुको त कुरै छोड्दिऊ ।

विभागले अहिलेसम्म कुन र कति सरकारी कर्मचारी, नेता र व्यापारीको सम्पत्ति छानबिन गर्‍यो भने डाटा संकलन गरेको छैन । बरु अख्तियार र शुद्धिकरण विभाग नै एउटा सहसचिवले चलाएको विभाग हो । यिनीहरुले न त कर्मचारीको नै सम्पत्ति छानबिन गर्ने आँट गर्छन् न त नेताको । हिजो सरकारी जागिरको पियुनमा जागिर खानेको आज काठमाडौंमा पाँच ओटा घर छ र हिजो चप्पल लगाउन नपाउने नेताको आज ३ रोपनी जग्गामा घर छ । माधव नेपाल, केपी ओली, शेरबहादुर देउवा वा अन्य दलका नेताको जागिर तथा व्यापार के गर्छ । अनि यो १ देखि ३ रोपनी जग्गामा घर बनाउने पैसा कताबाट आयो त । यो प्रश्न सञ्चारकर्मीहरु पनि नेताहरुलाई सोध्न सक्दैंनन् तर घरको फोटो भने खिचेर देखाउन सक्छन् ।

यदि अब सबै सरकारी कर्मचारी, नेता र व्यापारीको सम्पत्ति छानबिन गर्ने हो भने नेपालले विदेशीसँग लिएको ऋण तिर्न सक्छ र नेपाल विदेशी ऋणमुक्त हुन्छ । त्यस्तै यता सञ्चार क्षेत्रमा पनि खुबै भ्रष्टाचार रहेको छ । हिजो पाँच सय लिएर काठमाडौं आएका मानिसले आज ५० करोडौं सम्पत्ति जोडेका छन् । साथै ३० वर्ष अगाडी केही नहुने सञ्चारकर्मी रवि लामिछाने आज अर्बो रुपैँया कमाएर , राजनितिक पार्टी खोलेर चुनाव लड्ने तयारीमा छन् । अनि उनले यतिछिटो यत्रो पैसा कताबाट कमाए त । यसको जवाफ त जनता माग्छन् नि त रविजी ।

यसरी नेता, सरकारी कर्मचारी र व्यापारी मिलेर आफुले त कमाए तर देश तै डुबाए । भोलि देश नै रहेन भने यिनीहरुले हिजो भ्रष्टाचार गरेर कमाएको सम्पत्ति पनि रहदैंन नि त । कुनै व्यापारीले ५ रुपैँयाको सामान २० रुपैँयामा बेचेर जनता ठगे र राज्यलाई राजस्व छले , कुनैले व्यवसायी गर्ने नाममा राज्यलाई छले र जनतालाई लुटे, सरकारी कर्मचारीले राष्ट्र र जनताको हितमा भन्दापनि व्यक्तिगत स्वार्थका लागि काम गरे र नेताहरुले जनतासँग गरेको वाचा बिर्सिए र लोभमा फसे ।

दिनहुँ ५० हजार नेपाली विदेशी रहेका छन् र दिनहुँ सयौं नेपालीको शव आइरहेको छ । तर नेता, सरकारी कर्मचारी र व्यापारीहरु रमाइरहेका छन् । देश यस्तो अवस्थामा पुग्दा पनि नेताहरु जनतालाई झुक्याउन सकिन्छ भनेर भोट माग्न गइरहेका छन् र सरकारी कर्मचारी मोजमस्ती गरिरहेका छन् । अहिलेपनि नेता र सरकारी कर्मचारीहरु कमिशन खान २० लाख पर्ने गाडी ३० लाखमा किनेर सरकारी गाडीमा दर्ता गरिरहेका छन् । हाकिम नयाँ आउनेबित्तिकै गाडी पनि नयाँ आउनुपर्ने र नयाँ गाडी किनेको एकवर्षमै त्यो गाडी पुरानो भयो भनेर थन्काउने ,अनि फेरि अर्को गाडी किनेर कमिशन खाने । सरकारी कार्यालयहरुमा नयाँ नयाँ गाडीहरु पानीले भिजिँरहेको पाइन्छ वा थन्काएर राखिरहेको पाइन्छ । तर यसको सदुपयोग गरिएको छैन । एउटा नेपाली खान नपाएर भोकै मर्छ, उपचार गर्न नसकेर रोग पालेर बस्छ, पढ्न नपाएर रुन्छ तर उनीहरुको लागि राज्यसँग केही हुदैंन तर सरकारी गाडी किन्न भने जति पनि पैसा हुन्छ ।

अहिले जनता भन्छन्, नेता, सरकारी कर्मचारी र व्यापारीकै कारण आज नेपाल नै सिधिँयो । जनताले तिरेको करबाट सरकारी कर्मचारीलाई तलकभत्ता, पोसाक, पेन्सेन र सरकारी गाडी नै दिन पुग्दैंन , अनि विकास कसरी हुन्छ त । अझै उपचार गर्न पनि सरकारी कर्मचारी वा नेताहरु विदेश धाउने गर्छन् । अनि त्यो पनि त जनताले तिरेको करबाट नै । जनता एउटा सिटामोल खान नपाएर मर्छन्, एक जोर नयाँ कपडा वा चप्पल लगाउन सक्दैंनन् र पेटभरि एकछाक खान सक्दैंनन् ।

जनता जहिलेपनि दुःखै दुःखमा मर्छन् तर सरकारी कर्मचारी र नेताहरु तै त्यहीं जनताले तिरेको करमा मोजमस्ती गर्छन् । सरकारी कर्मचारी र नेताको विरोधमा जनताले कहिले बोल्ने आँट गर्लान् र सञ्चारकर्मीले कहिले कलम चलाउँलान् । अहिले सञ्चारकर्मी रवि लामिछाने कमाएर पार्टी खोलेर चुनाव लड्ने तयारीमा छन् भने कुनै सञ्चारकर्मीलाई बिहान, बेलुकाको छाक टार्न हम्मेहम्मे रहेको छ ।

जनताको नै नाम लिएर सरकारी कर्मचारी र नेताले अहिले जनता ठग्ने काम धेरै नै मौलाइसकेको छ । कि अब सरकारी कर्मचारीले राजनितिक दलको सदस्यता छोड्नुपर्छ होइन भने जागिर छोड्नुपर्छ । यसरी दुवैतिरबाट त फाइदा लिन पाइदैंन नि त । साथै अब सरकारीले सरकारी कर्मचारीलाई दिने गाडी पनि दिने काम बन्द गर्नुपर्छ । त्यँही रोडमा सरकारी गाडी खाली गुड्छ तर सुत्केरी, बुढाबुढी कोहीपनि त्यो गाडीमा चढ्न पाउँदैनन् । के त्यो गाडी त्यहीं जनताले तिरेको करबाट किनेको होइन र । जनता दासी , सरकारी कर्मचारी तै हाकिम हो । खै त यसको उत्तर ।



**लोसपाका अध्यक्ष ठाकुर घरदैलोमा**

लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्त ठाकुर निर्वाचनका लागि भोट माग्दै महोत्तरीको मटिहानीमा हात समातेर माथिबाट तल ओरालिँदै । *तस्बिरः रासस*

# कांग्रेससँगको सहकार्य चुनावी तालमेलका लागि मात्र होइन : डा भट्टराई

गोरखा । पूर्वप्रधानमन्त्री तथा नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईले नेपाली कांग्रेससँगको सम्बन्ध चुनावी तालमेलका लागि मात्र नभएको बताउनुभएको छ ।

नेपाली कांग्रेस जिल्ला पार्टी कार्यालय गोरखामा शनिबार आयोजित वाम लोकतान्त्रिक गठबन्धन दलका जिल्लास्तरीय नेता कार्यकर्ताको संयुक्त भेला तथा प्रशिक्षण कार्यक्रममा उहाँले समृद्धिका लागि कांग्रेससँगको सहकार्य भएको बताउनुभयो ।

प्रतिगमनका विरुद्ध लड्ने क्रममा त हामी सबै एक ठाउँमा आयौँ, त्यो आउनु पनि पर्थ्यो', उहाँले भन्नुभयो, "त्योभन्दा माथिको जुन विकास र समृद्धिका कुरा गरिरहेका छौँ, त्यसमा पनि वामपन्थी र नेपाली कांग्रेसबीचको सहकार्य नभइकन देशमा दिगो शान्ति हुँदैन, दिगो शान्ति नभए राष्ट्रिय एकता कायम हुँदैन र विकास समृद्धि पनि हुँदैन ।'

उहाँले विकास समृद्धिका लागि आफूहरूले कांग्रेससँगको सहकार्यलाई दीर्घकालीन महत्व दिएको विषय भएकोसमेत उल्लेख गर्नुभयो ।"यसलाई तपाईंहरू खाली चुनावी तालमेल मात्र नभन्नु होला', उहाँले भन्नुभयो, "कतिपयले कम्युनिष्ट समाजवादी र कांग्रेस माओवादीविपरीत ध्रुव चुनावी स्वार्थका लागि आए भन्नेछ त्यो अपवित्र गठबन्धन हो भन्ने गरेका छन्, तर सबैभन्दा पवित्र गठबन्धन यही हो ।'

अध्यक्ष डा भट्टराई गोरखा क्षेत्र नं २ मा आफूले निर्वाचनमा टिकट नपाउने भएर चुनाव नलडेको र प्रचण्डले चितवनमा हार्ने भएकाले गोरखा आएको भन्ने कुरा दुवै भ्रम मात्र रहेकोसमेत बताउनुभयो ।

मैले गोरखामा टिकट नपाउने भन्ने पनि होइन, मैले हस्तान्तरण गर्न चाहेको थिएँ, त्यो पूरा भएको छ', उहाँले भन्नुभयो,प्रचण्डले चितवनबाट चुनाव नजित्ने भन्ने थिएन तर इतिहास निर्माणका लागि उहाँ गोरखाबाट चुनाव लड्न आउनुभएको हो ।'

राणा शासनकाविरुद्ध लड्दादेखि राजासँग लड्दासम्म इतिहास निर्माणको थलो गोरखा थियो', उहाँले भन्नुभयो,"अब फेरि एकपटक समृद्धीकरण मोडल पनि गोरखा बन्नसक्छ ।'रासस

# तीस दिनभित्र सूचना दिन राष्ट्रिय सूचना आयोगको आदेश

काठमाण्डु । राष्ट्रिय सूचना आयोगले सूचना मागकर्तालाई तीस दिनभित्र सूचना उपलब्ध गराउन अर्थ मन्त्रालयलाई आदेश दिने निर्णय गरेको छ । प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङको संयोजकत्वमा सूचना आयुक्तहरू कमला ओली थापा र रत्नप्रसाद मैनालीसमेतको इजलासले आदेश जारी गर्ने निर्णय गरेको हो ।




पत्रकार रविराज बरालले गत वर्ष भदौ १७ गते अर्थ मन्त्रालयका सूचना अधिकारीलाई सम्बोधन गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सरकार मन्त्रिपरिषद्को मिति २०७१ माघ २२ गतेको बैठकको निर्णयानुसार गठित कर फछ्र्योट आयोग, २०७१ ले त्यस मन्त्रालयमार्फत २०७२ मङ्सिर २२ गते नेपाल सरकारलाई बुझाएको 'नेपाल सरकार, कर फर्स्योट आयोग, २०७१ को प्रतिवेदन' को प्रमाणित प्रतिलिपिको सूचना पाऊँ भनी सूचनाको हकको निवेदन दर्ता गराउनुभएको थियो । अर्थ मन्त्रालयका तत्कालिन सचिव मधुकुमार मरासिनीले सरकार कर फछ्र्योट आयोग, २०७१ को प्रतिवेदनको प्रमाणित प्रतिलिपिको सूचना प्रवाह गर्न नमिल्ने भनी मन्त्रालयको मिति २०७८ असोज ११ को (मन्त्रिस्तरीय) निर्णयानुसार माग भएको सूचना गोप्य राख्ने निर्णयको जानकारी दिनुभएको थियो । मन्त्रालयले सूचना लुकाउने निर्णय गरेर लिखित जानकारी गराएपछि पत्रकार बरालले मन्त्रालयको उक्त निर्णय बदर गरी माग गरेको सूचना उपलब्ध गराई पाउ भन्दै गत वर्ष कात्तिक ११ गते आयोगमा पुनरावेदन गर्नुभएको थियो ।

पुनरावेदन परेपछि गत वर्षको कात्तिक १५ मा आयोगले मन्त्रालयलाई सात दिनभित्र लिखित जवाफ पठाउन आदेश जारी गरेको हो । उक्त आदेशको लामो समय बेवास्ता गरेको मन्त्रालयले आयोगको पटक-पटकको ताकेतापछि लिखित जवाफमा कर फछ्र्योट आयोग ऐन, २०३३ को दफा (१४)मा 'आयोगमा प्रस्तुत गरिएका कागजपत्र तथा आयोगको कारबाहीको सिलसिलामा कुनै स्रोतबाट थाहा हुन आएका कुरा गोप्य राख्नु पर्नेछ। त्यस्तो कागजपत्र र गोप्य कुरा कर निर्धारण वा असुलीको प्रयोजनको निमित्तबाहेक अन्य काममा प्रकाश गरिने वा कुनै अदालतमा प्रमाण लाग्ने छैन र नेपाल सरकारको अनुमतिबिना कुनै अधिकारीले निरीक्षण वा अनुसन्धानका लागि समेत माग गर्न सक्ने छैन' भन्ने व्यवस्था भएको जनाउँदै सूचना दिन नमिल्ने जिकिर गरेको थियो ।

यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) को खण्ड (ग) बमोजिम आर्थिक, व्यापारिक तथा मौद्रिक हितवा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने विषयको सूचना प्रवाह नगरिने व्यवस्था भएको, सूचनाको हक कार्यान्वयन निर्देशिका, २०७० को परिच्छेद २ को दफा ३ को उपदफा (३)को खण्ड (ग)मा समेत आर्थिक, व्यापारिक तथा मौद्रिक हित या बौद्धिक सम्पत्तिको संरक्षण वा वैविक वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने विषयको सूचना प्रवाह नगरिने व्यवस्था भएको र उक्त प्रतिवेदन सार्वजनिक भएको विषयवस्तु नरहेको आधार र कारण देखाउँदै सूचना लुकाएको थियो ।रासस

# आचारसंहितामा कडाइ गर्न प्रमुख निर्वाचन आयुक्त थपलियाको निर्देशन

गण्डकी । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आचारसंहिता, २०७९ लाई कडाइका साथ पालना गर्न गराउन निर्देशन दिनुभएको छ ।



प्रमुख आयुक्त थपलियाले पोखरामा शनिबार आयोजित जिल्ला आचारसंहिता अनुगमन समितिको बैठकमा बोल्दै आचारसंहिताको उल्लङ्घन गरेको देखिएमा तत्काल आयोगमा लिखित वा मौखिक जानकारी दिन आग्रह गर्नुभयो ।

उहाँले आयोगले तोकेका अनुगमन अधिकृतलाई आचारसंहिताको उल्लङ्घन गर्ने उम्मेदवारलाई २४ घण्टाभित्र स्पष्टीकरण सोध्न निर्देशन दिनुभयो ।उम्मेदवारबाट चित्त बुझ्दो जवाफ पेस नभएमा उम्मेदवार रद्द गर्ने समेतको अधिकार निर्वाचन आयोगलाई भएकोले त्यससम्बन्धी विवरण स्पष्ट खुलाइ आयोगमा लेखिपठाउन उहाँले निर्देशन दिनुभयो ।

प्रमुख आयुक्त थपलियाका अनुसार निर्वाचन आयोग ऐन २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरेर आयोगले निर्वाचन आचारसंहिता, २०७९ निर्माण गरेको छ । निर्वाचन आचारसंहिता, २०७९ को दफा ४६ मा 'कसैले आचारसंहिता उल्लङ्घन गरेमा आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम रु एक लाखसम्म जरिवाना गर्न वा उम्मेदवारी रद्द गर्न सक्नेछ ।'

उम्मेदवारले मनोनयन दर्ता गर्ने क्रममा बुझाएको विवरणमा उल्लेख भएबमोजिमको स्रोतबाट खर्च गरेको नगरेकोबारे आयोगले निगरानी गर्ने बताउँदै निर्वाचन आयुक्त थपलियाले निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने कर्मचारीलाई समेत कारबाही गर्न सुरु भइसकेको जानकारी दिनुभयो । कर्मचारीले निर्वाचन सम्पन्न नहुँदासम्म सामाजिक सञ्जाल प्रयोगमासमेत सचेतता अपनाउन उहाँको आग्रह थियो ।

बैठकमा कास्कीका मुख्य निर्वाचन अधिकृत प्रकाश खरेल, कास्कीका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला आचारसंहिता अनुगमन समितिका सह-संयोजक टेकबहादुर केसी, सदस्य प्रहरी उपरीक्षक अजय केसी, उप-अनुसन्धान निर्देशक मनोज ढकाल, अनुगमन अधिकृत रामजी शर्मा र सदस्य सचिव हुमनाथ पराजुली लगायतले निर्वाचन आचारसंहिता पालना गर्नगराउन सञ्चालन गरिएका गतिविधिका बारेमा जानकारी गराउनुभएको थियो ।रासस

# देश विकासका लागि गठबन्धन आवश्यक

काठमाण्डु । नेपाली कांग्रेसका केन्द्रीय सदस्य मोहन आचार्यले संविधानको रक्षा र देशको विकासका लागि गठबन्धनको सरकार आवश्यक रहेको बताउनुभएको छ ।

काठमाण्डुमा शनिबार आयोजित कार्यक्रममा उहाँले देशको समस्या समाधान गर्न पनि गठबन्धनको आवश्यकता छ भन्दै गठबन्धन सरकार पनि देश विकासको पवित्र उद्देश्यले बनेको हो भन्नुभयो ।

केन्द्रीय सदस्य आचार्यले रसुवा जिल्लाको विकासका लागि आफू सदैव क्रियाशील रहने बताउनुभयो । उहाँले केन्द्रदेखि प्रदेशबाट जनताले चाहेको विकासका लागि आवश्यक बजेट उपलब्ध गराउने प्रतिवद्धता समेत जनाउनुभयो ।रासस

# मुख्यमन्त्री पाण्डेलाई कानूनी मस्यौदा

वाग्मती । वाग्मती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे समक्ष वाग्मती प्रदेश नीति तथा योजना आयोगले तयार पारेको विभिन्न चार वटा कानूनी मस्यौदा हस्तान्तरण गरिएको छ ।

उक्त आयोगका उपाध्यक्ष डा कृष्णराज पन्तले मुख्यमन्त्रीको कार्यालयमा हस्तान्तरण गर्नुभएको मस्यौदामा प्रदेश नीति तथा योजना आयोग ऐन २०७९, प्रदेश व्यवस्थापन ऐन २०७९, प्रदेश आयोजना बैङ्क दिग्दर्शन ऐन २०७९ तथा संङ्गठनात्मक संरचना र जनशक्ति सम्वन्धी ऐन २०७९ रहेका छन् ।

उक्त मस्यौदा गत भदौ ५ र ६ गते गण्डकी प्रदेशको नीति तथा योजना आयोगको आयोजनामा पोखरामा सम्पन्न सातै प्रदेशको योजना आयोगको बैठकद्धारा पारित गरी तयार गरिएको थियो । मस्यौदा हस्तान्तरण कार्यक्रममा वाग्मती प्रदेश सरकारका मन्त्री, प्रमुख सचिव तथा अन्य सचिवको उपस्थिति थियो ।रासस

# निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन सम्बन्धी मुख्य प्रशिक्षक प्रशिक्षण

काठमाण्डु । निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन लागि निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापनसम्बन्धी मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ ।

आयोगको कान्तिपथस्थित कार्यालयमा आयोजित कार्यक्रमको शुभारम्भमा निर्वाचन आयुक्त डा जानकीकुमारी तुलाधरले निर्वाचनको परिचालनमा जनशक्ति परिचालन र सामग्री तथा जिन्सी व्यवस्थापन महत्वपूर्ण पक्ष भएकाले आफूले गर्नुपर्ने कामबारे स्पष्ट बोध नभएमा त्रुटि हुनसक्ने भएकाले यस सवालमा सम्बन्धित प्रशिक्षक र कर्मचारी संवेदनशील हुनुपर्नेमा जोड दिनुभयो ।

आयुक्त डा तुलाधरले परिचालनलाई मूलमन्त्र ठानेर स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, भयरहित, पारदर्शी तथा मितव्ययी निर्वाचन गराउन आयोग चिन्तित र कटिबद्ध रहेको स्पष्ट रहेको पनि बताउनुभयो ।

कार्यक्रममा आयोगका सचिव गोकर्णमणि दुवाडीले जिन्सी व्यवस्थापन र आर्थिक प्रशासनका विषयमा प्रशिक्षित भई प्रदेश तथा जिल्लास्तरमा प्रशिक्षणको दायित्व भएकाले प्रशिक्षकहरुले निर्वाचन कानुन, निर्देशिका र विद्यमान प्रक्रियासमेतका विषयमा स्पष्ट बुझेर जानुपर्ने बताउनुभयो ।रासस


# माओवादी अध्यक्षद्वारा भूकम्पपछि पुनः दरबारको अवलोकन

गोरखा । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भूकम्पपछि पनुःनिर्माण गरिएको ऐतिहासिक गोरखा दरबारको अवलोकन गर्नुभएको छ । सत्ता गठबन्धनबाट गोरखा क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्यको उम्मेदवारसमेत रहनुभएका उहाँले शनिवार बिहान दरबार अवलोकन गर्नुभएको हो ।

गोरखा दरबारको अवलोकन गर्दै अध्यक्ष प्रचण्डले गोरखाको ऐतिहासिक विरासत बोकेको गोरखा दरबार प्रचार-प्रसारमा जोड दिनुपर्ने बताउनुभयो । पर्यटन क्षेत्रको विकासमार्फत जिल्लाको आर्थिक समृद्धिको पर्याप्त सम्भावना रहेको भन्दै उहाँले गोरखा ऐतिहासिक धार्मिक तथा सांस्कृति हिसाबले महत्वपूर्ण जिल्ला भएको बताउनुभयो । उहाँले गोरखाको इतिहासले देशको गरिमालाई उँचो पारेकोसमेत बताउनुभयो । दरबार अवलोकनकाक्रममागोरखादरबारसङ्ग्राहलयका प्रमुख नवराज अधिकारीले अध्यक्ष प्रचण्डलाई गोरखा दरबारको ऐतिहासिक महत्वलगायत विषयमा जानकारी गराउनुभएको थियो ।

दरबार अवलोकनका लागि अध्यक्ष प्रचण्डसहित वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ, सचिव हितराज पाण्डेलगायतका नेता गोरखा दरबार पुग्नुभएकोथियो।जिल्लामानिर्वाचनको तयारीका लागि अध्यक्ष प्रचण्ड शुक्रबारदेखि गोरखामा रहनुभएको छ । उहाँले जिल्लामा सत्ता गठबन्धनका दलका नेता, उद्योगी-व्यवसायीलगायतसँगको छलफललाई तीव्र पार्नुभएको छ ।रासस

# निर्वाचन केन्द्रित अभियानलाई तिव्रता दिँदै राजनीतिक दल




काठमाण्डु । प्रमुख राजनीतिक दलले काठमाण्डु उपत्यकाका विभिन्न निर्वाचन क्षेत्रमा आफ्नो चुनावी अभियानलाई तिव्रता दिएका छन् ।

काठमाण्डु उपत्यकामा प्रतिनिधिसभातर्फ १५ निर्वाचन क्षेत्र छन् । यस्तै प्रदेशसभातर्फ ३० निर्वाचन क्षेत्र छन् ।

सत्तारुढ गठबन्धन र विपक्षी गठबन्धनले आआफ्नै शैलीमा चुनावी अभियानलाई तीव्र पारेका हुन् ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनलाई केन्द्रमा राखेर दलले मतदातासँग मत माग्नेदेखि, उम्मेदवार परिचय तथा कार्यकर्ता परिचालन सुरु गरेका छन् । प्रतिनिधिसभातर्फ काठमाडौँ क्षेत्र नं २ मा आज वाम लोकतान्त्रिक गठबन्धनका तर्फबाट उम्मेदवार परिचयको कार्यक्रम आयोजना गरियो ।

सत्तारुढ गठबन्धनका उम्मेदवारको परिचय तथा निर्वाचन क्षेत्र केन्द्रित योजनाका बारेमा जानकारी दिन आयोजित कार्यक्रममा नेपाली कांग्रेस, नेकपा(माओवादी केन्द्र) र नेकपा(एकीकृत समाजवादी) सँग आबद्ध नेता तथा कार्यकर्ताले संविधानको रक्षाका खातिर भएको गठबन्धनले नै देश र जनताको हित गर्ने धारणा राखेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै नेपाली कांग्रेसका नेता एवं पूर्वसांसद दिपक कुइँकेलले लोकतन्त्र, संविधान र राजनीतिक व्यवस्थाको रक्षाका लागि पनि गठबन्धन नै सही भएको र नेपाली जनताले विजयी गराउने बताउनुभयो ।

सो क्षेत्रमा सत्तारुढ गठबन्धनका तर्फबाट पूर्वसभामुख ओनसरी घर्ती उम्मेदवार हुनुहुन्छ । कार्यक्रममा उम्मेदवार घर्तीले संविधानसभाबाट संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र तत्कालीन नेकपा(एमाले)का महासचिव माधवकुमार नेपालको भूमिका महत्वपूर्ण रहेको स्मरण गर्दै सोही जगमा वर्तमान गठबन्धन तयार भएको बताउनुभयो । वाम लोकतान्त्रिक गठबन्धन रामेछापले आज यहाँ आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै माओवादी केन्द्र)का उपाध्यक्ष कृष्णबहादुर महराले मुलुकलाई संविधानसम्मत बाटोमा हिँडाउने काम वर्तमान सत्तारुढ गठबन्धनले गरेको बताउनुभयो ।

उहाँले संविधान विरोधी तत्वलाई पराजित गर्नका लागि पनि वाम लोकतान्त्रिक गठबन्धनको विजय जरुरी रहेको धारणा राख्नुभयो ।

रामेछापमा वाम लोकतान्त्रिक गठबन्धनकोतर्फबाट कांग्रेसका पूर्णबहादुरतामाङप्रतिनिधिसभातर्फ उम्मेदवार हुनुहुन्छ भने प्रदेशसभातर्फ माओवादीका तारानारायण श्रेष्ठ र युवराज चौलागाईं उम्मेदवार हुनुहुन्छ ।

नेकपा(एमाले)का तर्फबाट प्रतिनिधिसभामा कैलाश ढुङ्गेल र प्रदेशमा शान्ति पौडेल र मिलन घिसिङ उम्मेदवार हुनुहुन्छ ।रासस

# प्रजातन्त्रको स्थायित्व र सुशासन कायम राख्न आवश्यक : वरिष्ठ नेता पौडेल

तनहु । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले देशमा प्रजातन्त्रको स्थायित्व र सुशासन कायम राख्न आवश्यक रहेको बताउनुभएको छ । नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र व्यास नगरसमितिद्वारा शनिबार आयोजित अन्तक्रियामा वरिष्ठ नेता पौडेलले लोकतन्त्रलाई खतरामा पार्ने खेल भइरहेको छ भन्नुभयो । वरिष्ठ नेता पौडेलले अधुरा काम पूरा गर्न आफ्नो उम्मेदवारी रहेको बताउनुभयो । गाउँमा विकास र रोजगारी सिर्जना गर्नु अहिलेको आवश्यकता हो भन्दै नेता पौडेलले विदेशिने युवा शक्तिलाई स्वदेशमा बस्ने वातावरण बनाउनुपर्ने बताउनुभयो ।

गठबन्धन सत्ताका लागि नभइ देशमा सुशासन कायम गर्न, प्रजातन्त्रको स्थायित्व र भ्रष्टाचारलाई निरुत्साहित गर्न भएको उहाँले बताउनुभयो । देशको विकासमा काँचुली फेर्न गठबन्धन गरेर अघि बढिएको उहाँले बताउनुभयो ।

सो अवसरमा गठबन्धनका उम्मेदवार नेकपा माओवादी केन्द्रका हरिबहादुर चुमानले दुबै राजनीतिक दलका कार्यकर्ता इमान्दार भएर लागेको अवस्थामा जीत सुनिश्चित रहेको बताउनुभयो । कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य गोविन्द भट्टराई, प्रदेश आन्तरिक मामिलामन्त्री डोवाटे विक, समानुपातिक उम्मेदवार श्यामकुमार मौरती लगायतका वक्ताले गठबन्धनका उम्मेदवारलाई निर्वाचित गराउनुपर्नेमा जोड दिनुभयो ।रासस

जनकपुर टुडे


# दक्षिण पश्चिम पाकिस्तानमा विस्फोटमा तीनको मृत्यु, चार घाइते

सिन्ह्वा

इस्लामावाद । पाकिस्तानको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तको मस्तुङ जिल्लामा शुक्रबार साँझ एउटा गाडीमा बम विस्फोट हुँदा कम्तीमा तीन जनाको मृत्यु हुनाका साथै अन्य चार जना घाइते भएका स्थानीय अधिकारीले बताएका छन् ।

मस्तुङ जिल्लाका डेपुटी कमिश्नर सुल्तान बुगतीले जिल्लाको काबु क्षेत्रमा स्थानीय आदिवासी नेताको गाडीमा सडक किनारमा बम विष्फोट भएको सञ्चारमाध्यमलाई बताएका छन् ।



अधिल्लो दिन अज्ञात बन्दुकधारीले गोली हानेर मारिएका व्यक्तिको शव सार्न जाने क्रममा गाडीमा आक्रमण भएको थियो । सुरक्षा बल र उद्धार टोली घटनास्थलमा पुगेर शव र घाइतेलाई अस्पताल ल्याएका थिए । उक्त बम सडकको छेउमा राखिएको र रिमोट कन्ट्रोल यन्त्रबाट विस्फोट गराइएको अधिकारीले बताएका छन् । अहिलेसम्म कुनै समूह वा व्यक्तिले आक्रमणको जिम्मा लिएका छैनन् ।

# एल साल्भाडोर प्रहरीद्वारा ५५,००० संदिग्ध गिरोह पक्राउ

एएफपी

सान साल्भाडोर । राष्ट्रपति नायब बुकेले सात महिना अघि आपराधिक समूह विरुद्ध "युद्ध" घोषणा गरेदेखि हालसम्म एल साल्भाडोरमा प्रहरीले ५५,००० भन्दा बढी कथित गिरोहका सदस्यलाई पक्राउ गरेको छ ।

सरकारले वारेन्ट बिना नै त्यस्ता संदिग्धलाई पक्राउ गर्न आपतकालीन अधिकार दिएको गत मार्चदेखि अहिलेसम्म गिरोहका ५५, ००० भन्दाबढी पक्राउ गरिएको मन्त्री गुस्ताभो भिल्लाटोरोले बताएका छन् । कुल ६५ लाख जनसंख्या रहेको देशमा विद्रोही गिरोहका सदस्य पक्राउ पर्ने क्रम बढ्दो छ ।

"हामीले (सङ्गठित अपराध विरुद्ध) युद्ध जित्दैछौं र यी आतङ्ककारीलाई पक्राउ गर्न हरेक दिन हजारौं प्रहरी र सिपाही तैनाथ गरिरहेछौं," भिल्लाटोरोले उल्लेख गरेका छन् ।

प्रहरी र सैन्य बलले १,६४४ थान बन्दुक, २,०२६ सवारी साधन, १२,८४२ सेल फोन र १२ लाख मिलियन डलर बरामद गरेको बताइएको छ ।

कैदीको बढ्दो संख्यालाई लक्षित गर्दै साल्भाडोरका न्यायिक अधिकारीले देशको मध्यभागमा रहेको ग्रामीण क्षेत्र टेकोलुकामा ४०,००० अट्न सक्ने क्षमताको जेल निर्माण गरिरहेका छन् ।

उक्त डिटेन्सन सेन्टर यस वर्षको अन्त्यसम्ममा सम्पन्न हुने अपेक्षा गरिएको छ ।

# अमेरिकामा २९ नेपाली टिमबीच इन्ट्रा कप भलिबल सुरु

न्यूयोर्क । अमेरिकाको ओहायो राज्यको कोलम्बस सहरमा नेपालीभाषी समुदायको भलिबल महोत्सव सुरु भएको छ । अमेरिकाका नौवटा राज्यबाट पुरुष र महिला खेलाडीका टिम सो महोत्सवमा भाग लिन कोलम्बस पुगेका छन् । अक्टोबर १५ तारिख शनिबारदेखि दुई दिनसम्म जारी रहने भलिबल महोत्सव अमेरिकामा नेपालीभाषी बीच सबैभन्दा ठूलो भलिबल प्रतिस्पर्धा हो ।



परोपकारी संस्था इन्ट्रा नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेशनको आयोजनामा आकर्षक पुरस्कार राशिसहितको सो महोत्सवमा पुरुष र महिला गरेर २९ टिमले प्रतिस्पर्धा गरिरहेको खेल आयोजक समितिका संयोजक दिपेश प्रधानले बताउनुभयो । प्रतिस्पर्धामा न्यूयोर्क, मेरिल्याण्ड, मिनीसोटा, ओहायो, टेक्सास, केन्टकी, नर्थ क्यारोलिना, भर्जिनिया र पेन्सिलभेनिया राज्यबाट नेपालीभाषी युवायुवतीका टिमले सहभागिता जनाएको प्रधानले जानकारी दिनुभयो । उहाँका अनुसार विजयी पुरुष टिमलाई आठ हजार पाँच सय अमेरिकी डलर र उपविजेतालाई छ हजार पाँच सय अमेरिकी डलर पुरस्कार राखिएको छ । त्यसैगरी विजेता महिला टिमलाई तीन हजार पाँच सय, उपविजेतालाई दुई हजार पाँच सय र तेस्रो हुनेलाई एक हजार अमेरिकी डलर पुरस्कार प्रदान गरिने छ ।

अमेरिकाको कोलम्बस सहरमा मुख्यालय रहेको परोपकारी संस्था इन्ट्रा नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेशन अफ अमेरिकाको आयोजनामा सुरु हुने सो खेलको उद्घाटन ओहायो स्टेटका रिप्रिजेन्टेटिभ मार्क जोन्सोन र फाउण्डेशनका अध्यक्ष डिल्ली अधिकारीले संयुक्तरूपमा एक समारोहका बीच गर्नेछन् ।

अमेरिकी पूर्वीय समयअनुसार शनिबार बिहान ९ बजे (नेपाली समय साँझ) उद्घाटन हुने सो खेलमा पुरुषतर्फ २१ टिम प्रतिस्पर्धा गर्दैछन् भने महिलातर्फ आठवटा टिमको प्रतिस्पर्धा छ । प्रतिस्पर्धामा न्यूयोर्कबाट रिजउड नेपाली समाज, म्याग्दी समाज र टिम बफेलो सहभागी छन् । मिनीसोटा राज्यबाट युनाइटेड मिनीसोटा, बिवाइएससी मिनीसोटा, बिवाइएससी गर्ल्स भलिबल टिम, भर्जिनिया राज्यबाट रोनोक युनाइटेड र रोज टिम, मेरिल्याण्डबाट बेलमण्ट टिम, गुर्खाज टिम र बागलुङ टिम सहभागी भएका छन् ।

यसैगरी ओहायो राज्यबाट कोलम्बस यल्लो, सिनसिनाटी भलिबल क्लब, कोलम्बस ब्लू, कोलम्बस स्टार भिसी, सर्भाइभर्स, कोलम्बस फ्रेन्डसीप र फिट्सिस्टार युवा क्लबले सहभागिता जनाएका छन् भने टेक्सास राज्यबाट सुदूरपश्चिम नेपाली समाजका ए र बी टिम, केन्टकी राज्यबाट लेक्सिन्टन एएनकेए र केन्टकी एएनकेए वान साथै योङ स्टार लेडिज टिम प्रतिस्पर्धामा छन् ।

त्यस्तै नर्थ क्यारोलिना राज्यबाट इभिसीएनसी टिम र पेन्सिलभेनिया राज्यबाट योङ ब्लड टिम, राइजिङ स्टार टिम र युनाइटेड गर्ल्स टिम प्रतिस्पर्धामा छन् । फाउण्डेसनका प्रवक्ता केशव आचार्यले अमेरिकामा नेपालीभाषी समुदायमा खेलकुदका माध्यमबाट आपसी सौहार्दता वृद्धि गर्दै युवायुवतीलाई सत्मार्गमा लगाउन विभिन्न खेलका प्रतिस्पर्धा आयोजना गरिँदै आएको बताउनुभयो । उहाँले दुई हप्ता अघिमात्र अमेरिकाभरका ३८ टिमको सहभागितामा फुटबल प्रतियोगिता सम्पन्न गरिएको जानकारी दिनुभयो ।रासस

# दुर्घटनामा एघार जनाको मृत्यु

सिन्ह्वा

नोमपेन । दक्षिणी कम्बोडियाको कान्डल प्रान्तमा क्षमताभन्दा बढी भार बोकेको डुङ्गा दुर्घटना हुँदा ११ जनाको मृत्यु भएको छ ।

शनिबार भएको उक्त दुर्घटनाको उद्धार तथा खोज पूरा भएको अधिकारीले शनिबार जानकारी दिएका छन् ।

दुर्घटनाग्रस्त डुङ्गामा दुई जना चालक तथा १३ विद्यार्थीसहित १५ जना सवार थिए । दुर्घटनामा १२ देखि १४ वर्ष उमेर समूहका आठ पुरुष र तीन जना महिलाले ज्यान गुमाएका तथा बाँकीको जीवितै उद्धार गरिएको राष्ट्रिय प्रकोप व्यवस्थापन समितिले जनाएको छ ।

यसैबीच, फिलिपिन्सको राजधानी मनिलाको एक आवासीय क्षेत्रमा शनिबार बिहान आगलागीमा हुँदा छ जनाको मृत्यु भएको छ । आगोमा परेर ७९ वर्षीय एक पुरुष, एक ३० वर्षीया महिला, उनका १२, सात र दुई वर्षका छोराछोरी र अर्को पुरुषको मृत्यु भएको अग्नि नियन्त्रण कार्यालयले जनाएको छ । उनीहरू जलेको घरभित्र फसेपछि निसासिएका थिए । आगलागीको कारण पत्ता लगाउन अनुसन्धान भइरहेको छ ।

# कारको पछाडिको सिटका यात्रुका लागि पनि सिट बेल्ट अनिवार्य

सिन्ह्वा

मुम्बई । भारतको वित्तीय केन्द्र मुम्बईमा नोभेम्बरदेखि कारको पछाडिको सिटमा बस्नेका लागि पनि सिट बेल्ट लगाउन अनिवार्य गरिएको मुम्बई ट्राफिक प्रहरीले जनाएको छ ।

यसअघि अगाडिको सिटका यात्रुले मात्र सिट बेल्ट लगाउनुपर्ने अनिवार्यता थियो तर गत महिना सडक दुर्घटनामा परी व्यापारी साइरस मिस्त्रीको मृत्युले सिट बेल्टलगाउनुको महत्व बढेको भन्दै नयाँ नियम लागू गरिँदै छ । मुम्बई ट्राफिक प्रहरीका अनुसार नयाँ नियमको पालना नगरेमा दण्डनीय हुने बताइएको छ ।



भारतको यातायात मन्त्रालयले सन् २०२० मा भारतमा ३६ लाख ६१ हजार १३८ सडक दुर्घटना रेकर्ड गरेको थियो जसमा १३ लाख एक हजार ७१४ जनाको मृत्यु भएको थियो भने तीन लाख ४८ हजार २७९ जना घाइते भएका छन् ।

# खडेरीका कारण नौ लाखभन्दा बढी बालबालिका कुपोषित

सिन्ह्वा

नैरोबी । केन्यामा खडेरीका कारण पाँच वर्ष मुनिका करिब ९४२,००० बालबालिका, गर्भवती र सुत्केरी आमा तीव्र कुपोषणको शिकार भएको राष्ट्रिय सुख्खा व्यवस्थापन प्राधिकरण (एनडीएमए)ले शुक्रबार जनाएको छ ।

एनडीएमएले आफ्नो मूल्याङ्कनमा २३ प्रभावित सुख्खा र अर्ध-सुख्खा क्षेत्रमा तीव्ररूपमा कुपोषित बालबालिकाकाको सङ्कलन गरेको छ ।

एक लाख ३४ हजारभन्दा बढी गर्भवती वा सुत्केरी महिलामा कुपोषण देखिएको छ ।

संस्थाले केन्यामा मानवीय सहायताको तीव्र खाँचोमा परेका व्यक्तिको सङ्ख्या हाल ४३ लाखभन्दा बढी रहेको बताएको छ । सो सङ्ख्या गत जुनको ४१ लाखको आसपासमा रहेको थियो ।

एनडीएमएले अधिकांश सुख्खा जिल्लामा चरन र जलस्रोत कम भएका कारण ऊँट, गाईवस्तु, बाख्रा र भेडाजस्ता सबै पशुपक्षी प्रजातिको मृत्युदर बढेको पनि बताएको छ । यसले साम्बुरु, मन्डेरा, इसियोलो, लामु, मार्साबिट र गारिसा काउन्टीमा पशुपक्षीको मृत्यु भएको बताएको छ ।

हर्न अफ अफ्रिकाका लाखौं मानिस खडेरीका कारण भोकमरी र मृत्युको सामना गरिरहेका छन्, केन्या, सोमालिया र इथियोपिया सबैभन्दा बढी प्रभावित छन् ।

# आक्रमणको धम्कीपछि राजकुमारी दरबार फिर्ता

सिन्ह्वा

हेग । अध्ययनको क्रममा एम्स्टर्डमको एक भवनमा बस्नुभएकी हल्याण्डकी राजकुमारी क्याथरिना अमालिया त्यहाँ असुरक्षित महसुस गरेपछि राजप्रासादमा सर्नुभएको छ । स्वीडेनको राजकीय भ्रमणमा रहनुभएका राजा विलेम-अलेक्जेन्डर र रानी म्याक्सिमाले द नेदरल्याण्ड्सका सञ्चारमाध्यमलाई राजकुमारी दरबार फर्केको बताउनुभएको हो ।

"उनको यो निर्णयले उनको जीवनको लागि ठूलो महत्व राख्दछ, अब उनी एम्स्टर्डममा बस्दिनन् र वास्तवमा बाहिर जान सक्दिनन्," रानी म्याक्सिमाले छोरीको निर्णयको सराहना तथा उहाँप्रति गर्व गर्दै भन्नुभयो । राजा विलेम-अलेक्जेन्डरले आफ्नी छोरीको अवस्थालाई 'अति कठिन' भन्नुभएको छ ।



यसै वर्षको ग्रीष्मयाममा १८ वर्षीया राजकुमारी अध्ययन गर्न एम्स्टर्डमको एक आवासीय भवनमा सर्नुभएको थियो । गत महिना डे टेलिग्राफ अखबारले राजकुमारीको सुरक्षाका निम्ति उल्लेखनीय रूपमा काम गरिएको समाचार प्रकाशन गरेको थियो । राजकुमारीमाथि सङ्गठित आपराधिक गिरोहबाट आक्रमण वा अपहरणको जोखिम बढेको थियो ।

राजकुमारीमाथि आक्रमणको धम्कीपछि देशको सुरक्षा निकायले उहाँको सुरक्षा सुनिश्चित गर्न अहोरात्र कडा मेहनत गरिरहेको न्याय एवम् सुरक्षामन्त्री डिलन येसिलगोजले बताएका छन् ।

# खानी विस्फोटमा टर्कीमा २८ को मृत्यु, थुप्रै फसे

एएफपी

टर्की । उद्धारकर्ताले शनिबार उत्तरी टर्कीमा कोइलाको खाडलमा फसेका एक दर्जनभन्दा बढी खानी कामदारलाई उद्धार गरेका छन् । खानीमा मिथेन विस्फोटमा परी कम्तिमा २८ जनाको मृत्यु भएको थियो ।

"हाम्रा ५८ खानी कामदार सकुशल बाहिर निस्कन सफल भएका छन् भने १५ जना कामदार अझै त्यहाँ फसिरहेको अनुमान छ । उनीहरूलाई बचाउने प्रयास गरिरहेका छौं," आन्तरिक मन्त्री सुलेमान सोयलुले जनाकारी दिएका छन् ।

सोइलुले यसअघि टर्कीको सबैभन्दा घातक औद्योगिक दुर्घटनामध्ये एक सो दुर्घटनामा करिब ११० जना कामदारले काम गरिरहेका थिए । ऊर्जामन्त्री फातिह डोनमेजका अनुसार विस्फोटपछि एउटा सुरुङमा आगो लागेको थियो ।

विस्फोटबाट प्रभावित सुरुङ जमिनबाट करिब ३०० र ३५० मिटर (गज) तल रहेको अनुमान गरिएको छ ।

स्वास्थ्यमन्त्री फहरेटिन कोकाले यसअघि सकुशल बाहिर निकालिएका ११ जनाको अस्पतालमा उपचार भइरहेको ट्वीट गरेका थिए। केही कामदार विस्फोटपछि आफैं बाहिर निस्कन सफल भएका थिए भने केहीलाई उद्धार गरिएको थियो ।

सो घटनापछि टेलिभिजनमा हृदयविदारक तस्विर देखाइएका थिए जसले घटनालाई नजिकबाट नियाल्न सहयोग पुगेको थियो ।

# इटलीका दुवै सदनको नेतृत्व चयन

सिन्ह्वा

रोम । इटलीका दुवै सदनको नेतृत्व चयन गरिएको छ । माथिल्लो सदनका लागि अध्यक्ष र तल्लो सदनका लागि सभामुख चयन गरिएको हो ।

दुई पटक मन्त्री भइसक्नुभएका प्रभावशाली नेता लोरेन्जो फोन्टाना तल्लो सदनको सभामुखमा शुक्रबार निर्वाचित हुनुभएको छ । त्यसैगरी माथिल्लो सदन सिनेटको अध्यक्षमा भने इग्नाजीयो ला रुसा अघिल्लो दिन बिहिबार नै निर्वाचित हुनुभएको थियो ।

सभामुखमा निर्वाचित फोन्टानाले दुई सय २२ मत प्राप्त गर्नुभएको थियो । संसदमा सभामुख चयनका लागि भएको चौथो पटकको मतदानबाट २५ मत बढी प्राप्त गरी ४२ वर्षीय फोन्टाना सभामुखमा निर्वाचित हुनुभएको हो । उहाँले यसअघि युरोपेली मामिलामन्त्री र परिवार तथा अपाङ्गतासम्बन्धी मन्त्रीको जिम्मेवारी निर्वाह गर्नुभएको थियो ।

सिनेट अध्यक्षमा निर्वाचित ७५ वर्षीय ला रुसा भने यसअघि रक्षामन्त्री हुनुभएको थियो । ब्रदर्स अफ इटली पार्टीका नेता हुनुहुन्थ्यो । उहाँले १२ मत बढी ल्याएर जित हासिल गर्नुभएको हो । उहाँले ११६ मत पाउनुभएको थियो ।

# भारतका विदेश मन्त्री इजिप्ट भ्रमणमा

एएनआई

कायरा । भारतका विदेश मन्त्री एस जयशंकर इजिप्ट भ्रमणमा आउनु भएको छ ।

दुई दिने भ्रमणको लागि उहाँ शनिबार इजिप्टको राजधानी कायरो आइपुग्नु भएको हो । उहाँले भ्रमणको प्रारम्भमै विदेश मामिला विज्ञ तथा सरोकारवालाहरूसँग छलफल गर्नु भएको छ ।

उहाँले इजिप्टको भ्रमण अहिले पहिलो पटक गर्नु भएको भारतको विदेश मन्त्रालयका अधिकारीहरुले जानकारी दिएका छन् ।

दुई देशको सम्बन्ध थप बलियो बनाउन, सहकार्यका क्षेत्र विस्तार गर्न र दुई पक्षीय हितका बारेमा छलफल गर्न उहाँ इजिप्टको भ्रमणमा आउनु भएको बताइएको छ । उहाँले भ्रमणका क्रममा इजिप्टका आफ्ना समकक्षी सहितका सरकारी उच्च अधिकारीहरुसँग अन्तर्राष्ट्रिय चासो र साझा चासो तथा सरोकारका विषयमा पनि छलफल गर्नुहुने जनाइएको छ । भ्रमणका क्रममा उहाँले इजिप्टमा रहेका भारतीयहरुसँग पनि अन्तरक्रिया गर्ने कार्यक्रम रहेको अधिकारीहरुले जानकारी दिएका छन् ।

इजिप्टका विदेश मन्त्री सामेह हसन शौक्रीको निमन्त्रणामा भारतका विदेश मन्त्री जयशंकरले इजिप्टको भ्रमण गर्नु भएको हो ।

# युरोपेली सङ्घको पुनःसंरचना गर्न जर्मन चान्सलरको आग्रह

एपी

बर्लिन । जर्मनीका चान्सलर ओलाफ सोल्सले युरोपेली सङ्घको पुनःसंरचना गर्न माग गर्नुभएको छ । सङ्घअन्तर्गत रहेका २७ देशको छुट्टै प्रशासनिक र सैन्य सेवाको व्यवस्था गर्नुपर्नेमा उहाँले जोड दिनुभएको छ ।

जर्मनीको बर्लिनमा आयोजित युरोपेली समाजवादी पार्टीको सम्मेलनमा बोल्दै उहाँले युरोपेली सङ्घमा विस्तारै केही परिवर्तन आवश्यक भएको धारणा राख्नुभयो । विषेश गरेर विदेश नीति, कर प्रणाली, सैन्य सेवा, प्रशासनिक व्यवस्थालगायतका क्षेत्रमा केही संशोधन आवश्यक भएको उहाँको भनाइ थियो ।

युरोपेली सङ्घको स्वायत्तता, क्षेत्राधिकार तथा कार्य प्रणालीमा पनि सुधार हुनुपर्नेमा चान्सलर सोल्सले जोड दिनुभएको थियो ।

# एक्काइस हजारभन्दा बढी बाढीको चपेटामा

सिन्ह्वा

कलम्बो । बाढीको चपेटामा परेर दक्षिण एशियाली राष्ट्रहरूमा ठूलो जनधनको क्षति भइरहेका खबर सार्वजनिक भइरहेका बेला श्रीलङ्कामा शनिबार दुई जनाले ज्यान गुमाएका, पाँच हजार दुई सय १२ परिवारका २१ हजार आठ सय ८८ जना पीडित भएका केन्द्रीय विपद् व्यवस्थापन केन्द्रले जनाएको छ ।

केन्द्रका अनुसार बाढीबाट देशका विभिन्न ११ जिल्लामा एक सय २० घरमा क्षति भएको छ । हम्बनटोटा, गाले, टिङ्कोमाली, किलीनोच्ची, गाम्पाहा, राजधानी कलम्बो, पुट्टलम र क्याण्डी अधिक प्रभावित भएका छन् । दुई सय ६४ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ ।

मौसम विज्ञान विभागका अधिकारीहरूले आगामी दिनमा पनि दक्षिण एशियाली देशमा वर्षाहुने जानकारी दिँदै सचेत रहन सुझाव दिएका छन् ।

एक्काइस हजारभन्दा बढी श्रीलङ्काली बाढीको चपेटामा

कलम्बो, २९ असोज (रासस/सिन्ह्वा) बाढीको चपेटामा परेर दक्षिण एशियाली राष्ट्रहरूमा ठूलो जनधनको क्षति भइरहेका खबर सार्वजनिक भइरहेका बेला श्रीलङ्कामा आज दुई जनाले ज्यान गुमाएका, पाँच हजार दुई सय १२ परिवारका २१ हजार आठ सय ८८ जना पीडित भएका केन्द्रीय विपद् व्यवस्थापन केन्द्रले जनाएको छ ।

केन्द्रका अनुसार बाढीबाट देशका विभिन्न ११ जिल्लामा एक सय २० घरमा क्षति भएको छ । हम्बनटोटा, गाले, टिङ्कोमाली, किलीनोच्ची, गाम्पाहा, राजधानी कलम्बो, पुट्टलम र क्याण्डी अधिक प्रभावित भएका छन् । दुई सय ६४ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ ।

मौसम विज्ञान विभागका अधिकारीहरूले आगामी दिनमा पनि दक्षिण एशियाली देशमा वर्षाहुने जानकारी दिँदै सचेत रहन सुझाव दिएका छन् ।

# विश्वव्यापी भोकमरीको सूचीमा भारत १०७ औं स्थानमा

सिन्ह्वा

नयाँ दिल्ली । विश्व भोकमरी सूचकाङ्क (जीएचआई) २०२२ मा भारत विश्वका १२० देश र क्षेत्रमध्ये १०७ औं स्थानमा झरेको छ ।

गत वर्षको १०१ औं स्थानबाट तल झरेर भारत एशियाली मुलुकहरू श्रीलङ्का, म्यानमार, नेपाल, बङ्गलादेश र पाकिस्तानभन्दा पनि पछि परेको हो ।



जिएचआई अनुसार श्रीलङ्का (६४), म्यानमार (७१), नेपाल (८१), बङ्गलादेश (८४) र पाकिस्तान (९९) स्थानमा रहेका छन् । नयाँ तथ्याङ्कमा यस वर्ष १४ देश वा क्षेत्रले मात्र भारतभन्दा खराब प्रदर्शन गरेका छन् ।


कन्सर्न वर्ल्डवाइड आइरिस सहायता एजेन्सी र वेल्टहंगरहिल्फ नामक जर्मन संस्थाले संयुक्त रूपमा उक्त प्रतिवेदन हाले सार्वजनिक गरेका हुन् । भारतको जीएचआई अङ्कमा पनि सन् २०२० मा सुधार भई ३८.८ बाट सन् २०१४ देखि २०२२ को औसत २९ अङ्कको दायरामा पुगेको छ ।

अल्पपोषण, बाल बर्बादी, बाल पुड्कोपन र पाँच वर्ष भन्दा कम उमेरका बच्चाहरूको मृत्यु दर गरी जीएचआई स्कोर चार सूचकहरूमा गणना गरिन्छ । पाँच वर्षभन्दा कम उमेरका बालबालिकाको तौल कम हुलाई अल्पपोषणको कारणले गर्दा बालबालिकाको तौल कम हुनु मानिन्छ । बाल पुड्कोपनले पाँच वर्षभन्दा कम उमेरका बच्चाहरूको अनुपात मापन गर्दछ जुन पुरानो कुपोषणको प्रभावको कारण उनीहरूको उमेरको लागि कम उचाइ रहेको छ ।

प्रतिवेदनअनुसार १७ वटा देशले जीएचआई स्कोर ५ भन्दा कम प्राप्त गरेका छन् । भोकमरी र कुपोषणको अनुगमन गर्ने जीएचआईका अनुसार भारतमा भोकमरीको स्तर 'गम्भीर' छ ।

# मकवानपुरबाट निर्यातमा कमी

बागमती । मकवानपुर जिल्लाबाट वार्षिकरुपमा हुँदै आएको निर्यात व्यापारमा कमी आएको छ । उद्योग वाणिज्य सङ्घ मकवानपुरको तथ्याङ्कअनुसार गत अर्थिक वर्ष २०७८/७९ मा जिल्लामा सञ्चालनमा रहेका लगायतले आफनो उत्पादन छिमेकी मुलुक भारतमा निर्यात गरेका थिए ।




आर्थिक वर्ष २०७७/७८ मा युनिलिभर नेपाल लिमिटेड बाहेकका उद्योगबाट उत्पादन भारत निकासी भएको निर्यातमुलक उद्योग तथा व्यावसायिक प्रतिष्ठानले रु १७ करोड ३० लाख मूल्यबराबरको निर्यात गरेका छन् । त्यसअघि आर्थिक वर्ष २०७७/७८ मा मकवानपुरवाट रु २३ करोड ६२ लाख मूल्य बराबरको निर्यात भएको थियो भने आर्थिक वर्ष २०७६ /७७ मा रु २५ करोड ५६ लाख मूल्य बराबरको निर्यात भएको थियो ।

वर्षमा क्लोजर सिस्टम इन्टरनेशनल नेपाल, युनिलिभर नेपाल लिमिटेड, गोदावरी पोलिप्याक्स एण्ड एफआई विसी र इभान्स लाइफ साइन्सेस थियो । त्यसमध्ये एउटा व्यापारिक प्रतिष्ठान र चारवटा उद्योगले भारत र तेस्रो मुलुकमा खाद्यपदार्थसहित औद्यौगिक उत्पादन निर्यात गरेको सङ्घले जनाएको छ ।

गत आर्थिक वर्षमा प्याक्ट ग्रुप, क्लोजर स्टिम इन्टरनेशनलले बोतलमा लाग्ने बिर्को, गोदावरी पोलिप्याक्स एण्ड एफ आई विसीले त्रिपाल तथ इभान्सलाइफ साइन्सेसले सल्लाको लोठ पाउडर भारत निकासी गरेको थियो । त्यस्तै गुराँस ग्रुप इन्टरनेशनलले चाउचाउ, चिउरा, खुर्सानी लगायतका नेपाली उत्पादन अष्ट्रेलियामा र एड्भान्स टेक्नोलजी एण्ड मेसिन नेपालले फोहर प्रशोधन गर्ने उपकरण जापान निर्यात गरेको बताइएको छ ।

एक दशकअघि आर्थिक वर्ष २०६८/६९ मा मकवानपुरबाट रु ६९ करोड ८२ लाख मूल्य बराबरको निर्यात भएको थियो । त्यस समयमा २९ वटा उद्योगबाट आर्थिक वर्ष २०६८ /६९मा निर्यात गर्ने उद्योगको सङ्ख्या बढेर ३१ भएको थियो । ऋसरजन्य उद्योगको भारत निर्यातले पनि त्यस समयामा निर्यात व्यपार बढेको देखिन्छ । ऋसरका साथै एन्ट्राटिक बिस्कुट उद्योग, नेपाल इकरात इञ्जिनीयरिग कम्पनी, मछापुच्छे र हर्बल लगायतका अन्य उद्योगले निर्यात गर्दै आएको थियो ।

कोलगेट, कोडाक र युनिलिभर लगायतका राष्ट्रिय तथा बहुर्राष्ट्रिय उद्योगका उत्पादन निर्यात गर्दै आएको मकवानपुबाट दुई दशकअघि आर्थिक वर्ष २०५७ /५८ मा रु दुई अर्ब २९ करोड मूल्यबराबरको निर्यात भएको सङ्घद्धारा उपल्वध तथ्याकङ्कमा जनाइएको छ । कोडाक र कोलगेट नेपाल छोडेर गइसकेको छ भने युनिलिभरले भारतमा निर्यात बन्द गरिसकेको बताइएको छ ।

सङ्घका अध्यक्ष कृष्णकुमार गुप्ताले सरकारले निर्यातजन्य उद्योगलाई प्रोत्साहन र संरक्षण गर्नमा ध्यान नदिएकोले त्यस्ता उद्योग सङ्कटमा परेको गुनासो गर्नुभयो ।रासस

# कालीगढ पलायनले टक्सारको धातु व्यवसाय सङ्कटमा



टक्सार । इतिहास बोकेको भोजपुर नगरपालिका-१२ टक्सारको धातुसम्बन्धी सामग्री बनाउने उद्योग कुनै बेला चर्चामा थियो । तर अहिले आएर स्थानीयवासीसमेत विस्थापित हुने क्रम बढेकाले त्यहाँको धातु व्यवसाय नै सङ्कटमा परेको छ ।

स्थानीयवासीका साथै दक्षकालीगढसमेत विस्थापित हुन थालेपछि टक्सारमा अहिले चार पाँच घरले मात्र धातुको व्यवसाय गर्दै आइरहनुभएको छ । विगतमा भोजपुरको टक्सारमा बनेका धातुका सामग्री बिक्रीका लागि अन्यत्र जाने गरेको भए पनि अहिले जिल्ला बाहिर बनेका धातुका सामग्री भोजपुरमा बिक्रीका लागि आउने गरेको व्यवसायी नवराज श्रेष्ठले बताउनुभयो ।

अहिले बजारमा बिक्रीका लागि राखिएका धातुका सामग्री धेरै मात्रमा धरानबाट आउँछ । अहिले केही घर बाँकी रहेका टक्सारका व्यवसायी पनि माग अनुसारका सामग्री मात्र उत्पादन गर्ने गरेको स्थानीय साजुकाजी शाक्यको भनाइ छ । शाक्यले भन्नुभयो, "विगतमा जस्तो धातु व्यवसाय अहिले छैन, ऐतिहासिक टक्सार बजार अहिले नाममा मात्र सीमित बन्न पुगेको छ ।"

टक्सारमा निर्मित करुवा, तामाको भाँडा, गाग्रो, काँसको थाल, लोटा, आमखोरा, अन्टी, ग्लास, कचौँरा, डबका नेपालभित्र मात्र नभएर विदेशमासमेत प्रसिद्ध रहेको थियो । ऐतिहासिक कलामा पोख्त कालीगढ पलायन भएपछि मूर्तिकला र हस्तकलाको उद्योग पनि लोप भएको हो ।

कालीगढको अभावसँगै कच्चापदार्थको अभावमा धातु उद्योग फस्टाउन सकेको छैन । स्थानीयस्तरमा खानी सञ्चालन नभएकोले तराईबाट आवश्यक कच्चापदार्थ र कोइला ढुवानी गर्दा महँगो हुने भएकाले पनि टक्सारबाट कालीगढको विस्थापन हुने क्रम बढेको स्थानीयवासी बिमल शाक्यले बताउनुभयो ।

टक्सारमै रहेको घरेलु विकास कार्यालयका अनुसार विगतमा दर्ता भएका धातु उद्योग अहिले केही मात्र सञ्चालनमा देखिएका छन् । यहाँ निर्मित हस्तकलाका सामग्री नेपालमा मात्र होइन, चीनको तिब्बत् र भारतको दार्जिलिङ्, आसाम, सिलगढी तथा कोलकातासम्म बिक्रीका लागि निर्यात हुने गरेको स्थानीयवासीको भनाइ छ ।रासस

# ओखरको आयात बढ्दै

रसुवा । तिहार पर्वलाई लक्षित गरी रसुवागढी नाकाबाट ओखर तथा स्याउ आयात हुन थालेको छ । चालु आर्थिक वर्षको साउनदेखि नै अत्यन्तै न्यूनरूपमा आयात भइरहेको चिनियाँ दाँते ओखर तथा स्याउ दसैँपछि दैनिक आयात हुन थालेपछि नेपाली उपभोक्ताको खरिदमा सहजता आएको हो ।



दसैँ सकिएलगत्तै चार दिनको अन्तरालमा २६ कन्टेनर ओखर र १८ कन्टेनर स्याउ रसुवागढी नाकाबाट नेपाल भित्रिएको सीमा सुरक्षाकर्मीले बताएका छन् । लोड भएका नेपाली कन्टेनर डिब्बा भन्सार प्रक्रिया पूरा गरी क्रमिकरूपले काठमाण्डु प्रस्थान गरिरहेकाले अबका दिनमा ओखर तथा स्याउ खरिदको मूल्य सर्वसुलभ हुने अपेक्षा गरिएको छ ।

तिहार पर्व नजिकिइसकेको र अर्कोतर्फ मन्दिरमा चढाउनेदेखि बिरामीलाई खुवाउनसमेत फलफूलका रूपमा स्याउ नै पहिलो रोजाइ हुने गरेका कारण व्यवसायीले फलफूलको आयातलाई प्राथमिकता दिँदै आएको व्यवसायी धर्म पौडेलले बताउनुभयो । नेपाली व्यापारीले माग गरेलगतै चिनियाँ ठूलो ढुवानी कम्पनी मुसा टासपोर्टले छिटो-छरितो रसुवागढी पुर्‍याउने गरेको व्यवसायीले बताउँदै आएका छन् ।

चालु आर्थिक वर्षको साउनदेखि दसैँ अगाडिसम्मको तथ्याङ्कले १६ कन्टेनर दाँते ओखर, चार कन्टेनर स्याउमात्र आयात भएको देखाएको छ ।

नेपालीको दोस्रो ठूलो चाडपर्व तिहार भएका कारण पछिल्लो समय स्याउका साथै ओखरको आयात बढ्न थालेको हो । अन्य सामानको सङ्ख्या सबै गणना गर्नुपर्ने र स्याउ तथा ओखरको शुल्कमा प्रति कन्टेनरको मात्र हिसाब हुने भएका कारण ढुवानीकर्ताको रोजाइ पहिलो फलफूल हुने गरेको पाइएको छ ।

चीनको केरुङ क्षेत्रमा कोभिड सङ्क्रमण बढेको भन्दै चिनियाँ सीमा अधिकारीले गत साउन २१ गतेदेखि भदौ २९ गतेसम्म बन्द गराएको आयात ३० गतेदेखि पुनः सुरु भएको र पहिलाको तुलनामा आयात परिमाणसमेत केही मात्रामा बढेको सीमा अधिकारीले बताएका छन् । चालु आर्थिक वर्षको गत साउनदेखि असोज २७ गतेसम्म आयात भएका सामग्रीको मूल्याङ्कनबाट कुल रु एक अर्ब ४१ करोड भन्सार शुल्कवापत राजस्व दाखिला भइसकेको प्रमुख भन्सार अधिकृत नारायणप्रसाद भण्डारीले बताउनुभयो ।

आयात भएका सामग्रीमध्ये स्याउ तथा हाइड्रोपावरका सामग्रीको शुल्क अत्यन्तै कम हुने प्रावधान छ । भन्सार हातामा प्रवेश गरेका सामग्री छिटोभन्दा छिटो मूल्याङ्कन गराइ जाँचपास गराउन यथेष्ट मात्रामा जाँचकी परिचालन गरिएको अधिकृत भण्डारीले बताउनुभयो ।

गत भदौ ३० गतेयता समग्रमा रेडिमेट एक सय ७८, हाइड्रोका ८०, मेडिकल सामग्री दुई, फर्निचर दुई कन्टेनर डिब्बा र इलेक्ट्री कार नौ, इलेक्ट्री स्कुटरी तीनवटा आयात भइसकेको सीमा सुरक्षाकर्मीले बताएका छन् ।

नारायणप्रसाद भण्डारी नयाँ प्रमुखका रूपमा गत महिनाबाट रसुवा भन्सरमा बहाली गर्नुभएपश्चात सामान जाँचपास प्रक्रिया छिटोछरितो हुन थालेको चालकहरूले बताएका छन् ।रासस

# घरेलु उद्योग बन्न थाले परम्परागत आरन

तानसेन । पाल्पाको वगनासकाली ६ यम्घाका खिमबहादुर विश्वकर्माले बाली उठाउन छोडेको पाँच वर्ष भयो । खिमबहादुरले चापपानी–तानसेन सडकखण्डको छेवैमा घरेलु उद्योग सञ्चालन गर्न थाल्नुभएको छ । "हजुर बुबाको पालादेखि बालीघरमा काम गर्थ्यौं, बुबाको निधनपछि छोडियो", खिमबहादुर भन्नुहुन्छ, "अहिले नगदमै कारोबार हुन्छ, श्रमको मूल्य पाएका छौँ ।"

गाउँघरमा प्रयोग हुने हँसिया, कुटो, कोदालो, बञ्चरो जस्ता कृषि औजार तथा हतियारमा धार लगाउने जस्ता काम बालीघरे प्रथा अनुसार हुँदै आएका थिए । वर्षभरि औजारमा धारलगाएबापत दुई-तीनपाथी धान, चामल, मकै, कोदो लगायतका अन्न घरघर पुगेर उठाउँदै आउनुपरेको थियो ।

*विगत १६ वर्षदेखि फलामका घरेलु हतियारको काम गर्दै आउनुभएका टेकबहादुर दैनिक फलामका घरेलु हतियारमा धार लगाउने र नयाँ औजार बनाउने गर्नुहुन्छ । मासिक रु ३५ हजार देखि ५० हजार सम्मको कारोबार गर्ने उहाँले बनाएका खुँडा, भाला जस्ता हतियार चाडवाडमा पशु बध गर्नका लागि विभिन्न क्षेत्रमा बिक्री हुने गरेका छन् । "दसैँमा मात्रै रु ५० हजारको बेचे, मन्दिर, कोटघर र घरायसी प्रयोगमा बढी बिक्री हुन्छ", टेकबहादुर भन्नुहुन्छ, "१७ वर्ष हली भएर गोरु जोते, आरनलाई व्यावसायिक गर्न थालेपछि राम्रै कमाइ भएको छ, छोरोछोरी पढाउन समस्या परेको छैन् ।"*

"आँगनको डिलमा बसेर अन्न माग्नुपर्थ्यो", खिमबहादुर विगत सम्झँदै भन्नुहुन्छ,"माग्न आयो जस्ता शब्द प्रयोग गर्थे ।" श्रम गरेर पनि मगन्ते हुनुपर्दा दुःखलागेको खिमबहादुर सुनाउनुहुन्छ । उहाँले गएको वर्षदेखि मासिक रु एक हजार पाँच सय तिर्नेगरी जग्गा भाडामा लिएर व्यवसाय सञ्चालन गर्दै आउनुभएको छ ।

उहाँले काँचो फलाम खरिद गरी सीपको प्रयोगबाट नयाँ कृषि औजार र हतियार बनाउने गर्नुहुन्छ । यहाँबाट हँसिया, कुटो, कोदालो, बञ्चरो, खुँडा, भाला जस्ता फलामका औजार तानसेन, बुटवललगायतका बजारमा बिक्री हुँदै आएका छन् । बगनासकाली-९ चापपानीका टेकबहादुर विकले पनि बालीघरे प्रथा हटेपछि आरन पेसालाई व्यावसायिक रुपमा अगाडि बढाउन थाल्नुभएको छ ।

विगत १६ वर्षदेखि फलामका घरेलु हतियारको काम गर्दै आउनुभएका टेकबहादुर दैनिक फलामका घरेलु हतियारमा धार लगाउने र नयाँ औजार बनाउने गर्नुहुन्छ । मासिक रु ३५ हजार देखि ५० हजार सम्मको कारोबार गर्ने उहाँले बनाएका खुँडा, भाला जस्ता हतियार चाडवाडमा पशु बध गर्नका लागि विभिन्न क्षेत्रमा बिक्री हुने गरेका छन् । "दसैँमा मात्रै रु ५० हजारको बेचे, मन्दिर, कोटघर र घरायसी प्रयोगमा बढी बिक्री हुन्छ", टेकबहादुर भन्नुहुन्छ, "१७ वर्ष हली भएर गोरु जोते, आरनलाई व्यावसायिक गर्न थालेपछि राम्रै कमाइ भएको छ, छोरोछोरी पढाउन समस्या परेको छैन् ।" गाउँघरमा घाँस काट्ने हँसिया, धान काट्ने दँतिया, कोदालो, कोदाली, बञ्चरो, खुँडा, भालालगायत कृषि औजार र घरेलु हतियारको बढी प्रयोग हुँदै आएका छन् ।

जिल्लाको बगनासकाली, रिब्दीकोट, तिनाउ, रैनादवी गाउँपालिका लगायतका स्थानीय तहले परम्परागत आरनलाई व्यावसायिक बनाउन सहयोग गरेका छन् । बगनासकाली गाउँपालिकाका अध्यक्ष सरस्वती दर्लामी चिदीका अनुसार स्थानीय तहले 'ग्रेन्डर', 'वेल्डिङ' जस्ता सामग्री र व्यवसाय स्थापना गर्न जस्ता पाता सहयोग गरेका छन् । परम्परागत आरनमा लागत मूल्य बढीपर्ने हुँदा फलाम काट्न र जोड्न सजिलोका लागि मेसिनरी सामग्री सहयोग गरिएको अध्यक्ष चिदीको भनाइ छ ।

यहाँका ३० बढी परिवारले परम्परागत आरन पेसा गर्दै आएका छन् । उनीहरुमध्ये २० जनाले व्यावसायिक घरेलु उद्योगको रुपमा आरन सञ्चालन गर्न थालेका छन् । तानसेन तथा बुटवल जस्ता सहरबाट कच्चा सामग्री ल्याएर व्यवसाय सञ्चालन गर्दै आएका छन् ।रासस

# घर आंगन नियमित बचत संस्थाको एघारौं साधारण सभा

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको लोहरपट्टी नगरपालिका -७ भ्रमरपुरामा घर आंगन नियमित बचत तथा ऋण सहकारी संस्थाको एघारौं साधारण सभा सम्पन्न भएको छ ।

सो शत्रको अध्यक्षता संस्थाका अध्यक्ष लक्ष्मेश्वर ठाकुरले गरेका थिए । त्यस्तै, विशिष्ट अतिथीमा केन्द्रीय बचत तथा ऋण सहकारी संघका प्रतिनिधि,प्रमुख अतिथिमा लोहरपट्टी नपाकी उपमेयर सरीता शर्मा रहेका थिए ।

त्यस्तै, लोहारपट्टी नगरपालिकाको वडा नं. ७ का वडाध्यक्ष गणेश ठाकुर लगायत संचालक समितिका उपाध्यक्ष आशा कुमारी देवी,सचिव बालमिकी ठाकुर सदस्य नन्दु साह,रामआधार ठाकुर,निर्मला देवीलगायत विभिन्न पार्टीका प्रतिनिधिहरु, बुद्धिजिवीहरु लगायत पत्रकार एवम संस्थाका पदाधिकारी,शेयर सदस्यहरुको विशेष उपस्थितिमा सो शत्र सम्पन्न भएको थियो ।

सो सभा नेपालको राष्ट्रिय गानबाट शुभारम्भ गरिएको थियो । देशमा प्रजातन्त्र, गणतन्त्र ल्याउन आफ्नो ज्यान गुमाएका सहीदहरुप्रति श्रद्धाञ्जली दिएर सो कार्यक्रम संचालन गर्नुका साथै स्वागत मन्तव्य संस्थाका कर्मचारी अशोक कुमार रायले व्यक्त गरेका थिए ।

लेखा परिक्षण प्रतिवेदन प्रस्तुति संस्थाका अध्यक्ष लक्ष्मेश्वर ठाकुरले गरेका थिए । सो शत्रमा संस्थाद्वारा उत्कृष्ट ऋणी, उत्कृष्ट बचतकर्तालगायत समाजसेवी एवम प्रमुख अतिथीहरुलाई सम्मान गरिएको थियो ।



उत्कृष्टकर्मचारीहरुलाई लोहारपट्टी नपाकी उपमेयर शर्माले सम्मान गर्नुका साथै संस्थाको अध्यक्ष लक्ष्मेश्वर ठाकुरले नपाकी उपमेयर शर्मालाई पनि सम्मान गरेका हुन् । त्यस्तै, अन्य अतिथीहरुलाइ मालाले सम्मान गरेका थिए । समाजसेवी राम अशिष प्रशाद शर्मालाई पनि सो अवसरमा सम्मान गरिएको थियो ।

सो शत्रका वक्ताहरूले बचत गर्ने बानीको बिकास गर्न सबैसंग आग्रह गेरका छन् । सभामा संस्थाको चालु आ.व.२०७९/०८० र आगामी आ.व. २०८०/०८१ को बजेटका बारेमा पनि बताइएको छ । सभामा गत आ.ब.२०७८/०७९ को यथार्थ रु. २७ करोड ३८ लाख ४६ हजार ४ सय ९५ पैसा ६२,चालु आ.ब.२०७९/०८० को संशोधित रु.४७ करोड ५५ लाख ११ हजार १२ रु.पैसा ५९ अनि आगामी आ.ब.२०८०/८१ को प्रस्तावित रु.५२ करोड १० लाख ९६ हजार ५ सय ७७ पैसा १७ रहेको सम्बन्धमा पनि जानकारी गराएका छन् ।

संस्थाले आगामी आर्थिक वर्षमा कर्मचारीहरुको लागि तालिम,शेयर सदस्यहरुको लागि सहकारी शिक्षा सम्बन्धी तालिम,अवलोकन भ्रमण र स्वास्थ्य शिविरलगायतका विभिन्न कार्यक्रमहरु संचालन गरिने कुरा संस्थाका अध्यक्ष ठाकुरले प्रष्ट पारे ।

शुभकामना मन्तव्य व्यक्त गर्दै संस्थाका सदस्य घुरण मण्डलले यस सहकारी संस्थाले गरिवहरुलाई धेरैनै मद्दत पुर्‍याएको र आगामी दिनमा अझ संस्थाले प्रगती गरोस् भन्ने कामना गरेका थिए । उपमेयर शर्माले यो सहकारी संस्था समाजमा ज्यादै नै प्रशंसनीय कार्यहरु गरिरहेको र नपाले पनि संस्थालाई सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिन् ।

संस्थाले कर्मचारीको लागि इन्धन वापतको केही सुविधा थपेर दिने बताइएको थियो । संस्थामा महिला ५१८ र पुरुष ३७७ जना गरी ८९५ जना शेयर सदस्य रहेका छन् । जस्मध्ये १७३ जनाले संस्थाबाट ऋण लिइ विभिन्न खालका कारोवार गरीरहेका छन् ।

# 'गलकोट सांस्कृतिक तथा खेलकुद महोत्सव' सुरु

**टुडे समाचारदाता**

बागलुङ । गलकोट नगरपालिका-६ मजुवा फाँटमा ' गलकोट सांस्कृतिक तथा खेलकुद महोत्सव २०७९' सुरु भएको छ । 'ड्रिम टिम गलकोट'द्वारा आयोजित महोत्सवको गलकोट नगरपालिकाका उपप्रमुख फमलाल निउरेले उद्घाटन गरेका छन् ।

त्यस अवसरमा उनले महोत्सवबाट आर्थिक गतिविधि बढ्नुका साथै खेल, कला र संस्कृतिको प्रवर्द्धनमा टेवा पुग्ने बताए ।

कात्तिक ७ गतेसम्म चल्ने महोत्सवमा खुला भलिबल प्रतियोगिता, एकल नृत्य, गायन, रत्यौली, माछा छोप्ने (हत्केला खेल्ने), पुरुष रस्साकस्सी, दौड, ब्याडमिन्टनलगायत प्रतियोगिता राखिएको छ ।

कृषि उपज, स्थानीय तथा स्वदेशी उत्पादन, पुरातात्विक वस्तु र झाँकी पनि महोत्सवको आकर्षणका रूपमा रहेको आयोजक संस्थाका अध्यक्ष रुपक पाण्डेले जानकारी दिए । महोत्सवमा मौलिक कला, संस्कृतिको प्रदर्शन, रमाइलो मेला, बाल उद्यान र साङ्गीतिक कार्यक्रम पनि सञ्चालन हुनेछ ।

व्यापार, खेलकुद, स्थानीय कला, संस्कृतिको प्रवर्द्धनसँगै मनोरञ्ज गतिविधिका लागि महोत्सव आयोजना गरिएको अध्यक्ष पाण्डेले बताउनुभयो । महोत्सवस्थलमा एक सय २० वटा व्यापारिक स्टल रहेका छन् । एघार दिनसम्म सञ्चालन हुने महोत्सवमा झण्डै रु एक करोडको कारोबार हुने आयोजकको अनुमान छ ।

महोत्सव अवधिभर हेलिकोप्टरबाट घुम्टे दर्शनसहित गलकोट आसपासका पर्यटकीयस्थलको अवलोकन पनि गर्न पाइने भएको छ । महोत्सवमा राष्ट्रिय तथा स्थानीयस्तरका कलाकारको साङ्गीतिक प्रस्तुति पनि रहने कार्यक्रम संयोजक हुम थापाले बताउनुभयो ।

हाँस्य कलाकार मनोज गजुरेल, गायक शिव परियारलगायत कलाकार आउने तय भइसकेको उहाँको भनाइ छ । महोत्सवको मुख्य आकर्षणका रूपमा रहेको पालिकास्तरीय भलिबल प्रतियोगिताका विजेताले रु दुई लाख ११ हजार एक सय ११ र उपविजेताले एक लाख ११ हजार एक सय ११ प्राप्त गर्ने जनाइएको छ ।

गायनतर्फ 'भ्वाइस अफ गलकोट'का विजेतालाई रु ३० हजार र नृत्यका विजेतालाई रु ३० हजार तीन सय ३३ पुरस्कार प्रबन्ध गरिएको कार्यक्रम संयोजक थापाले जानकारी दिनुभयो । गत वर्ष पुसपछि 'ड्रिम टिम गलकोट'ले दोस्रोपटक सांस्कृतिक तथा खेलकुद महोत्सव आयोजना गरिएको थियो ।

# राजमार्ग अवरुद्ध भएपछि हवाई टिकट पाउन मुस्किल हुँदा पैदलयात्रा गर्न बाध्य

सुर्खेत । कालीकोटको पचालझरना गाउँपालिका-४ बाट चक्र रोकाया कर्णाली प्रदेश लोकसेवा आयोगले लिएको कृषि प्राविधिकतर्फको परीक्षा दिनका लागि सुर्खेतसम्म पुग्न गाडी पर्खिदा पनि पाउनुभएन ।

एकातिर आफ्नो परीक्षा छुट्ने चिन्ता अर्कोतिर बाटोमा अलपत्र परिने होकी भन्ने चिन्ताले उहाँ दुई दिनको पैदलयात्रा गरेर कालीकोट र दैलेखको सिमानासम्म आइपुगेपछि मात्र फेरी एक दिन गाडी चढेर सुर्खेत आइपुग्नुभयो । गत हप्ताको अविरल वर्षाका कारण कर्णाली राजमार्गको धेरै ठाउँमा पहिरो खसेर सडक अवरुद्ध हुँदा रोकायजस्तै हजारौँ यात्रुले यस्तै सास्ती बेहोर्नुपरेको छ ।

दसैँ मनाउन घरमा पुगेका हिमाली जिल्लाका व्यक्ति आफ्नो पढाइ र कर्मथलोमा फर्किन थाले पनि कर्णालीको हिमाली जिल्लालाई जोड्ने एकमात्र कर्णाली राजमार्ग नखुल्दा केही व्यक्ति अझैसम्म घरबाट हिँड्न सकेका छैनन् भने केही व्यक्तिबीच बाटोमै अलपत्र छन् ।

रोकाय भन्नुहुन्छ, "म तीन दिनको यात्रापछि सुर्खेत आइपुगेँ, मजस्ता हजारौँ यात्रुले सडक नखुल्दा हैरानी बेहोर्नुपरेको छ, केही व्यक्ति बाटोमै अलपत्र छन् भने केही जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।"

अहिले कर्णाली राजमार्गको कालीकोट खण्डमा मात्रै ७३ ठाउँमा पहिरो गएकाले सवारीसाधन बीच बाटोमै अलपत्र छन् । कतिपय यात्रु लामो दूरीमा पैदलयात्रा गर्न बाध्य छन् । कर्णाली राजमार्गको जुम्ला खण्डमा मात्रै १३ वटा सवारीसाधन बीचैमा अलपत्र परेका छन् ।

जुम्लाको तिला गाउँपालिकाका टङ्क न्यौपाने पनि यस्तै अवस्थामा हुनुहुन्छ । सडकअवरुद्ध बन्दा उहाँ आफ्नो कर्मथलो आउन सक्नुभएको छैन । हिमाली भेगका नागरिकलाई हरेक साल यस्तै दुःख हुन्छ । उहाँ भन्नुहुन्छ, "दसैँ तिहार र घर पुग्दा खुसी लिएर जानुपर्ने मान्छे, चिन्ता बोकेर जानुपर्छ, भौगोलिकरुपमा ठगिएका कर्णालीका नागरिक सधैँ जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यतामा छन् ।"

कर्णाली राजमार्गअन्तर्गत जुम्ला-कालीकोट सडकखण्डको पहिरो हटाउने प्रयास जारी रहेको स्थानीय प्रशासनले जनाएको छ । जुम्ला-कालीकोट खण्ड छिटो खुलाउन सम्बन्धित पालिका र सुरक्षा निकाय जुटेका छन्, जुम्लाका प्रमुख जिल्ला अधिकारी मुकेशकुमार केशरी भन्नुहुन्छ ।

धेरै ठाउँमा एक्साभेटर प्रयोग गरिएको छ । केही ठाउँमा ढुङ्गा फुटाउन 'ब्लास्टिङ' गर्नुपर्ने भएकाले नेपाली सेनालाई खटाइएको छ । स्थानीय प्रशासनका अनुसार बाटो खुलाउन अझै तीन दिनसम्म लाग्न सक्छ ।

**जहाजमा टिकट पाउन पनि सहज छैन**

कर्णाली राजमार्ग पहिरोले जोखिमपूर्ण भएपछि त्यहाँका नागरिक अहिले महँगो भाडा तिरेर हवाई मार्गमार्फत यात्रा गर्न बाध्य छन् । जहाजको यात्रा गर्न टिकट पाउन पनि मुस्किल छ । टिकटमा मनोमानी छ, जुम्लाका तपेन्द्र भट्टराई भन्नुहुन्छ, "विमानस्थलमा सर्वसाधारण यात्रुले सहजै टिकट पाउने अवस्था छैन, पहुँचको भरमा टिकट वितरण हुन्छ । गाडीबाट यात्रा गर्ने सम्भावना पनि छैन, आफ्नो पढाइ र कर्मथलोको लागि सुर्खेत, नेपालगञ्जलगायत ठाउँमा जान पनि विमानस्थलमा यात्रुको खचाखच छ ।" महँगो भाडा भए पनि टिकट नै नपाउँदा समस्या भएको उहाँ बताउनुहुन्छ । कर्णाली राजमार्ग अवरोध भएपछि विमानस्थलमा झनै चाप बढेको स्थानीयवासी बताउछन् ।

जुम्लास्थित नागरिक उड्डयन प्राधिकरण कार्यालयका प्रमुख सन्तोष अधिकारीका अनुसार जुम्लादेखि नेपालगन्ज दैनिक दुईदेखि तीन वटा उडान हुँदै आएको छ । जुम्लामा तारा, गोमा, सीता एयरले उडान भर्दै आएका छन् । "बिरामी र लोकसेवाको परीक्षा दिने विद्यार्थीलाई प्राथमिकता दिएर टिकट दिइरहेका छौँ । उहाँ भन्नुहुन्छ, "पर्याप्त जहाज नहुँदा हामीलाई पनि समस्या छ ।"

जिल्ला प्रशासन कार्यालयले भने हवाई उडान कम हुँदा समस्या रहेको जनाएको छ । त्यहाँका प्रमुख जिल्ला अधिकारी केशरी दसैँ र तिहारले गर्दा पनि पहिलेको तुलनामा विमानस्थलमा दैनिक भीडभाड भएकाले बढीभन्दा बढी हवाई उडान गराउन समवन्य भइरहेको बताउनुहुन्छ ।

"गत हप्ताको अविरल वर्षाले एक मात्र कर्णाली राजमार्ग अवरुद्ध हुँदा विमानस्थलमा भीडभाड बढेको हो, अहिले पर्याप्त उडान गर्ने जाहाज पनि छैनन् । धेरै उडान गराउने कुरामा हामीले समन्वय गरिरहेका छौँ उहाँ भन्नुहुन्छ ।" मुगस्थित नागरिक उड्डयन प्राधिकरण कार्यालयका प्रमुख सन्तोष गौतम पनि एयरलाइन्स कम्पनी नै बढी नहुँदा समस्या भएको बताउनुहुन्छ ।रासस

# देशको ग्रहण हटाउन सत्तारुढ गठबनधनलाई मतदान : झा



**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा निर्वाचन क्षेत्र नम्बर ३ का प्रतिनिधिसभाका उम्मेदवार अनिल कुमार झाले देशमा लागेको ग्रहणलाई हटाउन सत्तारुढ गठबन्धनका उम्मेदवारलाई मतदान गर्न नेता तथा कार्यकर्ताहरुलाई आग्रह गरेका छन् ।

शनिवार जनकपुरधाममा सत्तारुढ गठबन्धनका नगरस्तरीय संयुक्त नेता तथा कार्यकर्ता भेलामा नेता झाले भने,' यो सीता जीको नगरी हो पवित्र मनका साथ मुलुकमा लागेका ग्रहणलाई हटाउन निमित देशमा गठबन्धन बनेको छ । त्यसकारण हामीले इमन्दारीपूर्वक एकअर्कालाई मतदान गरौ ।' गठबन्धन जितेको खण्डमा मात्रै कांग्रेसका सभापति शेरवहादुर देउवा पुनः प्रधानमन्त्री बनसक्छन, नेता झाले भने, त्यसकारणले पनि सत्तारुढ गठबन्धनका उम्मेदवारलाई मतदान गर्नुपर्छ ।'

आफ्नो पार्टीको निर्णय र संगठन विपरीत कार्य गर्ने नेता तथा कार्यकर्तालाई पार्टीले कारवाही गरिसकेको उल्लेख गर्दै नेता झाले भने,'मुलुकको लोकतन्त्र र संघीयतालाई जोगाइ राख्न सत्तारुढ दलको प्रमुख जिम्मेवारी हो।

भेलामा सहभागी प्रदेशका निवर्तमान मन्त्री तथा नेपाली कांग्रेस धनुषा क्षेत्र नम्बर ३ को 'क' मा उम्मेदवारी दिएका रामसरोज यादवले देशलाई दुर्घटनाबाट जोगाउन बनेको गठबन्धनलाई निरन्तरता दिन सत्तारुढ गठबन्धनलाई मतदान गर्नुको विकल्प नरहेको दाबी गरे।

त्यसैगरी,धनुषा क्षेत्र ३ को 'ख' मा लोसपाबाट उम्मेदवारी दिएका परमेश्वर साहले एमाले र जसपा गठबन्धनले मधेशी शहीदहरुको अपमान गरेको दाबी गरे । उनले शहीदहरुको सपना पूरा गर्न गठबन्धनका साझा उम्मेदवारलाई मतदान गर्नुपर्नेमा जोड दिए।

त्यस्तै,लोसपाका नगर अध्यक्ष मनोज चौधरीले विपक्षी दलका उम्मेदवारहरु आर्थिक रुपमा सम्पन्न भए पनि विचार र सिद्धान्तमा हामी उनीहरुभन्दा धेरै नै अगाडि रहेको बताए।

कार्यक्रममा लोसपा नेपालका नगर अध्यक्ष मनोज कुमार चौधरी, नेपाली कांग्रेसका प्रदेश सदस्य जीवनाथ चौधरी , नगर उपसभापति राकेश विक्रम साह, नेका पूर्व हज कमिटी अध्यक्ष मो. सोएब रेजा नेकपा एसका नेता शेष हसन, मओवादी नेता महनजी यादवलगायतका नेताहरुको उपस्थिति रहेको थियो।

# सबभन्दा बढी मतदाता रहेको सप्तरी १ मा त्रिपक्षीय भीडन्त

**मनोज माझी**

राजविराज । उम्मेदवारी दर्तासँगै सप्तरीको अन्य क्षेत्र जस्तै निर्वाचन क्षेत्र नं. १ मा पनि चुनावी माहोल तातेको छ।

पछिल्लो प्रतिनिधिसभाको चुनावमा यस क्षेत्रबाट जनता समाजवादी पार्टी (जसपा) का डा. सूर्य नारायण यादव निर्वाचित भएका थिए।

यसपल्ट जसपा-एमाले गठबन्धनबाट जसपाका नवलकिशोर साह साझा उम्मेदवारका रुपमा छन् । उनी मधेश प्रदेशका सामाजिक विकास मन्त्री समेत रहेका छन् ।

सत्तारुढ गठबन्धनबाट नेपाली कांग्रेसका जिल्ला सभापति रामदेव साह चुनावी मैदानमा छन् । प्रतिनिधिसभाको आकांक्षी हुँदा हुँदै पार्टीले आफूलाई नसोधि प्रदेशसभा तर्फको उम्मेदवार बनाएपछि रुष्ट भएका पूर्वसंविधानसभा सदस्य एवं नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा सप्तरी जिल्ला इन्चार्ज अशोक कुमार मण्डल पनि स्वतन्त्र उम्मेदवारी दिएका छन्।

यहाँ जनमत पार्टीबाट जयकान्त राउत, मंगोल नेशनल अर्गेनाइजेशन पार्टीबाट पदमबहादुर राना, नेमकिपाबाट विष्णुदेव यादव, नागरिक उन्मुक्ति पार्टीबाट टिका लक्ष्मी चौधरी, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट नागेश्वर प्रसाद साह, राष्ट्रिय स्वतन्त्र पार्टीबाट निरन्जन कुशवाहा, नेपाल लोकतान्त्रिक पार्टीबाट श्रवणकुमार थारु पनि चुनावी मैदानमा छन्।

यस्तै, स्वतन्त्रबाट कविन्द्र यादव, सर्वेन्द्र नायक, नारायणठाकुर, विद्यानन्द लेखी, दीलिप चौधरी, प्रकाश नाटाहा, पञ्जिल मन्सुरी, डा. रोहीत पोखरेल गरी कुल २१ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।



यस क्षेत्रमा सप्तकोशी नगरपालिका, कंचनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिरहुत गाउँपालिका र अग्निसाइर कृष्णासवरण गाउँपालिका गरी पाँच पालिका पर्दछ । जसमध्ये पाँच महिना अघि सम्पन्न स्थानीय तहको निर्वाचनमा तीन पालिकाका प्रमुखमा नेपाली कांग्रेस र एक-एक पालिकामा जनमत तथा एमालेका उम्मेदवारले प्रमुख पदमा जितेका छन्। यस आधारमा आफ्नो जित सुनिश्चित रहेको सत्ता गठबन्धनका साझा उम्मेदवार रामदेव साहको दाबी छ । जसपा-एमाले गठबन्धनले नवलकिशोर साहलाई चुनावी मैदानमा उतारेको छ।

मधेश प्रदेशका सामाजिक विकास मन्त्रीसमेत रहेका साहले यस क्षेत्रमा गरेको दर्जनौं विकासका कामलाई आधार बनाएर जित सुनिश्चित गर्ने दाउमा छन्।

अघिल्लो चुनावमा प्रदेशसभा सदस्य पदमा जितेका साह आफूले स्वास्थ्य, शिक्षा, पर्यटन, खेलकुद, कृषिलगायतको क्षेत्रमा गरेको विकास निर्माण कार्यको मुल्याकंन, मतदाताले गर्ने र प्रतिनिधिसभा सदस्य पदमासमेत मौका दिने कुरामा आफू पूर्ण आशावादी रहेको बताउछन्।

जसपाका जिल्ला अध्यक्ष केदार यादव पनि परिपक्व र जिम्मेवार उम्मेदवार पाएकाले जनता माझ जान सजिलो भएको बताउछन् । यहाँ सत्तारुढ गठबन्धनका बागि उम्मेदवार नेकपा माओवादी केन्द्रका अशोककुमार मण्डलको उपस्थितिले सत्तारुढ गठबन्धनका आधिकारीक उम्मेदवार रामदेव साहको केही मत काट्ने र यसको लाभ जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार नवलकिशोर साहले पाउन सक्ने आकलनसमेत गरिएको छ।

तर मण्डलले भने आफू सत्तारुढ गठबन्धन र विपक्षी गठबन्धन दुबैको मत तानेर जित निकाल्ने दाबी गर्छन्।

"निराश जनतालाई आशा दिलाउने गरी रणनीति बनाएर चुनावी मैदानमा छौं, उनी भन्छन्, मेरो परम्परागत भोट सुनिश्चित छ, यसका साथै सत्तारुढ गठबन्धन, विपक्षी गठबन्धन र अन्य पार्टीमा आवद्ध थुप्रै नेता कार्यकर्ताको साथ र सहयोग पनि छ।"

प्रतिनिधिसभा निर्वाचनलाई नजिकबाट नियालि रहेका राजनीतिक विश्लेशकहरु यीनै तिन जना उम्मेदवारबीच मुख्य प्रतिस्पर्धा हुने अनुमान व्यक्त गरिरहेका छन्। यस क्षेत्रबाट रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको कार्यकारी अध्यक्ष पदबाट राजिनामा दिँदै डा( रोहित पोखरेल पनि स्वतन्त्र उम्मेदवारको रुपमा चुनावी मैदानमा छन्। उनी तीनै जना मुख्य प्रतिस्पर्धीको मत विभाजन भइ एउटा समुदायको एकलौटी मत प्राप्त गरी जित निकाल्ने दाउमा छन्।

यहाँ अन्य साना दल र स्वतन्त्र उम्मेदवार भए पनि उनीहरु उपस्थितिमै सीमित हुने आकलन गरिएको छ। यस क्षेत्रमा ५८ हजार दुई सय २९ पुरुष, ५४ हजार ९ सय ५८ महिला र अन्य ८ गरी कुल १ लाख १३ हजार एक सय ९५ मतदाता छन् । यो जिल्लाकै चारवटा निर्वाचन क्षेत्र मध्ये सबभन्दा बढी मतदाता रहेको क्षेत्र हो।

# पूर्व प्रम नेपाल र पूर्व प्रमुख गुप्ताबीच सीधा टक्कर

**राकेश यादव**



रौतहट। मंसिर ४ मा हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनको लागि रौतहट निर्वाचन क्षेत्र नम्बर १ प्रति सबैको ध्यान तानिएको छ।

रौतहट निर्वाचन क्षेत्र १ प्रतिनिधिसभा सदस्यमा पूर्व प्रधानमन्त्री माधव नेपाल चुनावी प्रतिस्पर्धामा आएपछि सबैको ध्यान तानिएको हो।

नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीका केन्द्रीय अध्यक्षसमेत रहेका नेपाल यसपाली रौतहट १ बाट चुनाव लड्दै छन । उनको प्रतिपक्षमा नेकपा एमालेबाट गौर नगरपालिकाका पूर्व नगर प्रमुख अजय कुमार गुप्ता चुनावमा होमिएका छन।

२०७० सालमा तत्कालीन मधेशवादी दल फोरम लोकतान्त्रिकबाट अजय गुप्ता र नेकपा एमालेबाट माधव कुमार नेपाल चुनाव लड़ेका थिए। सो निर्वाचनमा नेता नेपाल ३३८ मतले निर्वाचित भएका थिए।

२०७९ मा नेकपा एसबाट नेपाल र एमाले बाट गुप्ता चुनावी मैदानमा उत्रेपछि दुबै जनाबीच रोचक प्रतिस्पर्धा हुने स्थानीयहरुको भनाइ छ। सत्ता गठवन्धनको संयुक्त उम्मेदवार अध्यक्ष नेपाल रहेका छन भने एमाले र जनता समाजवादी पार्टीको गठवन्धनबाट गुप्ता उम्मेदवार भएर चुनावी दौड़मा आएकोले दुबै जनाबीच कडा प्रतिस्पर्धा हुनसक्ने अवस्था देखिएको छ।

जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य रहेका रेवन्त झाले बागी उम्मेदवार भएर प्रतिनिधिसभामा चुनाव लड्दै छन । मधेश आन्दोलनदेखि अहिलेसम्म मधेशी जनताको पक्षमा वकालत गर्दै आएका झा स्वतन्त्र रुपमा प्रतिनिधिसभाको उम्मेदवार बनेका हुन।

नागरिकता विधयेक र मधेशी जनताको हक अधिकारबाट बञ्चित गर्ने पार्टीको उम्मेदवार नेता नेपाल भएकोले मधेशी जनताले आफूलाई पत्याउने दाबी झाको रहेको छ।

नेपाली कांग्रेस , नेकपा माओवादी , नेकपा एस , राष्ट्रिय जनमोर्चा तथा लोकतान्त्रिक समाजवादी पार्टीको गठवन्धनको उम्मेदवार रहेका नेपाललाई निर्वाचित हुन सकस देखिएको छ।

२०७४ मा काठमाण्डुबाट विजयी भएका नेपालले रौतहट क्षेत्र नम्बर १ को विकासमा खासै योगदान नदिएको , केही व्यक्तिलाई मात्र प्राथमिकता दिने गरेकोले मत स्थानीय उम्मेदवारलाई दिने पक्षमा मतदाताहरु देखिएका छन।

क्षेत्र नम्बर १ मा सत्ता गठवन्धनको स्थानीय सरकार रहेकोले नेपाललाई बढ़ी मत आउन सक्ने अनुमान धेरै जनाको रहेको छ। गौर नगर पालिका र राजदेवी नगरपालिकामा नेकपा एसको निर्वाचित जनप्रतिनिधि रहेका छन्।

यमुनामाई गाउँपालिकामा लोसपा , दुर्गा भगवती गाउपालिकामा नेकपा माओवादी केन्द्रको प्रतिनिधित्व रहेको छ। माधव नारायण नगरपालिकामा नेपाली कांग्रेस र गढ़ीमाई नगरपालिकामा नेपाली कांग्रेसका नेतृत्व रहेको छ।

चुनावी प्रचार प्रसारमा उम्मेदवारहरु होमिएपछि स्थानीयहरु मौन रहेका छन ! अहिले चुनाव नेताहरुमा मात्रै लागेको देखिएको छ । दुई गठवन्धन भएकोले मतदाताहरु आफ्नो गठवन्धनमा नै रहेका छन्।

नेताले गठवन्धन गरेको हो जनताले गरेको होइन स्थानीय मतदाताको कथन रहेको छ! माधव नेपालको प्राथमिकतामा रहेका रामकुमार भटराई , कल्याणी खडका , डाक्टर वंशीधर मिश्रा प्रचार प्रसारमा नेता नेपालसंगै देखिएका छन। भटराईको कारण केही नकारात्मक असर पनि मतदाताहरुमा देखिएको छ।

नेता नेपाल निर्वाचित भएपछि बढ़ी कुरो भटराईको सुनिने भएको कारण मतदाताहरु नेपालको पक्षमा मतदान गर्न सकिने अवस्थामा रहेको छैन । ब्राह्मण , राजपूत , भूमिहार , कायस्थ समुदायका व्यक्तिहरू माधव नेपालको समर्थनमा बढ़ी भए पनि अन्य समुदायका मतदाताहरु गुप्ताको पक्षमा बढ़ी झुकाव देखिएको छ।

स्वतन्त्र उम्मेदवार रेवन्त झाको कारण केही असर नेपालप्रति हुन सकिने अवस्था रहेको छ। जनता समाजवादी पार्टी नेपालका कार्यकर्ताको मत झाको पक्षमा केही मत जान सकिने अनुमान छ। बुद्धिजीवीहरुको मत पनि नेपाल तर्फमा जान सकिने अवस्था रहेको विश्लेषण गरिदै छ।

मतदानको समय बढ़ी रहेकोले चुनावको समय नजिक आएपछि समीकरणमा उलटफेर पनि हुन सकिने आशंका रहेको छ। ग्रामीण स्तरमा अहिले चुनावको असर कम रहेकोले मतदाताहरु खुल्न सकेका छैन मौन बसेका छन । नेताहरुको गतिविधि नजिकबाट स्थानीयहरु हेरिरहेका छन।

# रौतहट १ को 'क' र 'ख' मा त्रिपक्षीय प्रतिस्पर्धा

**टुडे समाचारदाता**



रौतहट । निर्वाचन क्षेत्र नम्बर १ को प्रदेशसभा सदस्यमा 'क' र प्रदेश सभा ख मा त्रिपक्षीय प्रतिस्पर्धा हुने भएको छ।

प्रदेशसभा 'क' मा सत्ता गठवन्धन नेपाली कांग्रेस , नेकपा माओवादी केन्द्र , नेकपा एस , लोसपा र जनमोर्चा का साझा उम्मेदवार कांग्रेसका नागेन्द्र साह , नेकपा एमाले जसपा गठवन्धनबाट एमालेका राज किशोर यादव र लोसपाका बागी उम्मेदवार बाबूलाल साह कानूकोबीचमा त्रिपक्षीय प्रतिस्पर्धा हुने भएको छ।

प्रदेश सभा १ को 'क' मा ५१ हजार मतदाता रहेका छन भने दुबै गठवन्धनको उम्मेदवार र स्वतंत्रको उम्मेदवारबीच प्रतिस्पर्धा रहेको छ।

नेकपा एसले उम्मेदवार नबनाउँदा स्वतन्त्रबाट डाक्टर सोहैल तैयवले उम्मेदवारी दिएका छन । 'क' मा स्वतन्त्रको संख्या बढ़ी रहेको भए पनि प्रतिस्पर्धामा निवर्तमान प्रदेश सांसद बाबूलाल साह कानू आउन सकिने संकेत देखिएको छ । प्रदेश सभा 'ख' मा नेपाली कांग्रेसका मधेश प्रदेश सभापति कृष्णा यादवको अवस्था बलियो देखिएको छ । जसपा बाट उम्मेदवार बनेका राज्य मन्त्री योगेन्द्र यादव र नेकपा एमालेबाट बागी भएर स्वतंत्रबाट उम्मेदवार बनेका राजेश चौधरीबीच त्रिकोणीय प्रतिस्पर्धा हुने अवस्था रहेको छ।

स्थानीयका अनुसार कृष्णा यादव र राजेश चौधरीबीच कडा प्रतिस्पर्धा रहेको छ यी दुइ मध्ये कुनै एकले बाजी मार्न सकिने स्थानीयहरुको अनुमान रहेको छ।

पूर्व मन्त्री एवं सांसद प्रभु साहले राजेश चौधरीलाई सहयोग गर्ने तयारीमा रहेको बुझिएको छ। साह पनि एमालेबाट उम्मेदवार नभइ स्वतन्त्रबाट रौतहट निर्वाचन क्षेत्र ३ मा प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिएका छन।

जनता समाजवादी पार्टी नेपालसंग एमालेले चुनावी तालमेल गरेपछि असंतुष्ट भएका साहले स्वतन्त्रबाट उम्मेदवारी दिएका छन्। आफ्नो समर्थकलाई पनि स्वतन्त्र रुपमा उम्मेदवारी दिन लगाएका छन।

कृषि राज्य मन्त्री यादवसंग स्थानीयहरु रुष्ट रहेकाले प्रतिस्पर्धामा योगेन्द्र यादव आउन सकिने अवस्था रहेको छैन । नेपाली कांग्रेस र नेकपा एसको कार्यकर्ताहरुले कांग्रेस प्रदेश सभापति कृष्णा यादवलाई सहयोग गर्ने भएकोले यादवको अवस्था अहिले बलियो देखिएको स्थानीय उमेश यादव बताउछन्।

बजेट कार्यान्वयनमा आफ्नो नातेदारलाई बढ़ी प्राथमिकता दिएको , कृषि कार्यालयको योजनाको लाभ आफ्नै कार्यकर्ताहरुलाई बढ़ी दिएको , झुठो आश्वासन बढ़ी दिएको कारण राज्य मन्त्री यादवबाट मतदाताहरु रुष्ट छन्।

# सात प्रतिशतले मात्र गराए स्वास्थ्य वीमा

**टुडे समाचारदाता**




जनकपुरधाम । मधेश प्रदेशका जिल्लाहरूमा स्वास्थ्य वीमाको अवस्था सन्तोषजनक देखिएको छैन। मधेश प्रदेशका जिल्लाहरूमा कुल जनसंख्याको ७ प्रतिशतले मात्र स्वास्थ्य वीमा गराएका छन्।

स्वास्थ्य निर्देशनालयद्वारा आयोजित वार्षिक समीक्षा कार्यक्रममा सो जानकारी दिइएको हो । तथ्यांक अनुसार प्रदेशको कुल जनसख्या मध्ये ४ लाख १२ हजार ९ सय ९४ जनाले मात्र स्वास्थ्य वीमा गराएका छन्। मधेश प्रदेशमा करिब ६२ लाख जनसंख्या रहेको छ।

देशको बागमती प्रदेशपछि सबै भन्दा बढी जनसंख्या मधेश प्रदेशमा रहेको छ । यति मात्र नभएर गरिबी तथा अशिक्षाको दृष्टिकोणले मुलुककै अग्रणी प्रदेशमा रहेको छ। प्रदेशको समग्र मानव सूचकाङ्कको दृष्टिकोणले निक्कै पछाडि परेको छ। त्यस कारणले पनि प्रदेशमा स्वास्थ्य वीमाको अवस्था दयनीय रहेको जनाइएको छ।

नेपालको संविधान २०७२ ले गुणस्तरीय स्वास्थ्य सेवा पाउनु आम जनताको मौलिक हकको रुपमा रहेकाले स्वास्थ्यमा आम जनताको पहुँच बढाउनका लागि नेपाल सरकारले स्वास्थ्य वीमालाई ठूलो माध्यम बनाएको छ । २०७४ साल माघ २५ गते मधेश प्रदेशको महोत्तरी जिल्लाबाट स्वास्थ्य वीमा कार्यक्रम लागु गरेर अहिले प्रदेशका ८ वटै जिल्लामा विस्तार भएको छ ।

स्वास्थ्य वीमा गराउने मध्ये २ लाख १० हजार ७ सय १४ पुरुष र २ लाख २ हजार ५ सय ८० महिला रहेको स्वास्थ्य वीमा बोर्डका प्रादेशिक कार्यालयका प्रमुख मनोज पौडेलले जानकारी दिए।

स्वास्थ्य वीमा गराएकाहरूले पनि पुनः दर्ता नगराउने पनि ठूलो समस्याको रुपमा रहेको छ। मधेश प्रदेशका सरकारी तथा नीजि गरेर ८ वटै जिल्लामा ४८ वटा स्वास्थ्य संस्थाहरूले बिमा गर्ने गरेका छन्।

जिल्ला स्तरमा सबै भन्दा बढी स्वास्थ्य वीमा सिरहा जिल्लामा भएको छ । सिरहा जिल्लामा कुल वीमित मध्ये १ लाख ५ हजार ४ सय जनाले वीमा गराएका छन् । सबै भन्दा कम सर्लाही जिल्लामा वीमा गराउनेहरू रहेका छन्।

सर्लाही जिल्लामा २३ हजार ६ सय ५५ जनाले वीमा गराएको पनि वीमा वार्डको प्रादेशिक कार्यालयले जानकारी दिए। सिरहा जिल्लामा विपन्न समूहमा पर्ने १ हजार ८ सय १४ जनाले वीमा गराएका छन्।

यता स्वास्थ्य वीमा गराउनेले उपचार नपाएका कारणले वीमाप्रति सर्वसाधारणको रुचि बढ्न सकेको छैन। वीमा गर्ने संस्थाले अस्पतालले गरेको वीमितको उपचार खर्च समयमा नतिर्ने गरेका कारणले वीमा गराउनेको गति मधेश प्रदेशमा मन्द रहेको छ। वीमाप्रति स्थानीय सरकारका प्रमुखहरू इमान्दार नबनेका कारणले वीमा कार्यक्रम राम्रो भए पनि गति लिन नसकेको वीमा बोर्डको निष्कर्ष रहेको छ। स्वास्थ्य वीमा कार्यक्रमलाई सफल बनाउनका लागि सबै पक्षको संयुक्त सहकार्य हुन आवश्यक रहेको मधेश प्रदेशका स्वास्थ्य निर्देशक विजय कुमार झाले जानकारी दिए।

# नि:शुल्क स्वास्थ्य शिविर

**टुडे समाचारदाता**



कलैया। ब्रहर्षि समाज वीरगञ्ज र बदन नगर युवा क्लबले आयोजना गरेको नि:शुल्क स्वास्थ्य शिविरमा ८ सय जनाले स्वास्थ्य चेकजाँच गराएका छन्।

बाराको जीतपुरसंग जोडिएको वीरगञ्ज महानगरपालिकाको बदननगरमा आयोजना गरिएको शिविरमा रोग विशेषज्ञ चिकित्सकहरुले विरामीको उपचार गरेका थिए।

विरामीहरुको नि:शुल्क उपचार गर्ने चिकित्सकहरुमा तराईसिमरा हस्पीटलका मेसु डा. रवीन्द्र कुमार सिंह ,मुटुरोग विशेषज्ञ डा.अच्युतानन्द कर्ण ,जेनरल फिजिसियन उदय नारायण सिंह ,हड्डी तथा नसा रोग विशेषज्ञ डा.नबिन सिंह , डा.प्रसान्त सिंह , जेनरल सर्जन डा. नितेस कर्ण ,डेन्टल चिकित्सक डा. बिबेक राज गौतम ,डा.रुद्र प्रताप साह ,डा. गोबिन्द कुमार सिंह र दयानन्द आर्याले रहेका छन्।

उपचार गराउन आएका विरामीहरुलाई नि:शुल्क औषधि वितरण गरिएको डा.रवीन्द्र कुमार सिंहले जानकारी दिए । शिविरमा डेन्टल रोग सम्बन्धी १ सय ५० जना ,मुटु रोग सम्बन्धी ५० जना ,जेनरल रोग सम्बन्धी १५० जना ,हड्डी तथा नसा रोग सम्बन्धी ३ सय जना ,बच्चा रोग सम्बन्धी एक सय जना र सर्जरी सम्बन्धी ५० जनाको उपचार गरिएको थियो।

कार्यक्रममा उपाध्यक्ष हेमन्त ओझा ,सचिव राजेश सिंह ,सदस्य पुष्पा सिंह ,अभिनन्दन ठाकुरलगायतको सहभागिता रहेको थियो।

ऋद्धि सिद्धि वचत तथा ऋण सहकारी संस्था लि. ढल्केवर
मि.न.पा.-६, ढल्केवर

सूचना ! सूचना !! सूचना !!!

ऋद्धि सिद्धि वचत तथा ऋण सहकारी संस्था लि.ढल्केवरको पन्द्रहौं वार्षिक साधारण सभा यहि मिति २०७९/०६/३० गते आइतबारका दिन दिउँसो १.०० वजे ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि. ढल्केवरको प्राङ्गणमा हुने भएकोले सो साधारण सभामा सम्पूर्ण वचतकर्ता, ऋणी तथा शेयर सदस्यज्यूहरुलाईउपस्थितभई दिनहुन अनुरोध गर्दछु।

अध्यक्ष
मो.नं.९८५४०२६७२९
(ऋद्धि सिद्धि वचत तथा ऋण सहकारी संस्था लि.)
मि.न.पा.-६, ढल्केवर

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८